# रातो खबर साप्ताहिक

Ratokhabar weekly

रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।



## बधाई तथा शुभकामना

रातो खबर साप्ताहिकका प्रबन्ध निर्देशक चिन्तामणि घिमिरे पत्रकारिता क्षेत्रबाट अवकाश लिएर राजनीतिक क्षेत्रमा प्रवेश गर्नुभएको छ । उहाँलाई बधाईसहित सफलताको कामना गर्दछौं । साथै सो प्रबन्ध निर्देशकमा भीम चापागाईंले कार्यरम्भ गर्नुभएकोमा बधाई ज्ञापन गर्दछौं ।





– रातो खबर साप्ताहिक परिवार



वर्ष ३, अङ्क १२, पूर्णाङ्क १०७ | २०७४ भदौ ७ गते बुधबार | Wednesday, 23 Aug 2017 | www.eratokhabar.com | मूल्य रु. १०


# बाढी र डोक्लामको भारी बोकेर दिल्ली प्रस्थान

■ रातो खबर संवाददाता/काठमाडौँ

आज प्रधानमन्त्री शेरबहादुर देउवा चार दिने भारत भ्रमणमा निस्केका छन् । देउवा भ्रमण किन ? औचित्य के ? भन्ने प्रश्नको पारदर्शी उत्तर कसैले पाउन सकेका छैनन् । बरु थप राष्ट्रघाती तथा असमान सन्धि थपिने हुन् कि भन्ने सन्त्रास थपिएको छ । अर्कोतिर त्योभन्दा बढी भारत-चीन डोक्लाम तनावमा नेपालको तटस्थ विदेश नीति प्रतिकूल भूमिका देउवाले खेल्ने हुन् कि ? भनेर बौद्धिक तथा देशभक्तहरू त्रसित छन् । दलाई लामाका मन्त्रीसँग गोवामा भेट्ने देउवाले भारत-चीन विवादमा एउटा छिमेकीको विरुद्ध अर्काको पक्षमा नउभिएलान् भन्ने छैन । तीन चरणको निर्वाचन सम्पन्न गरेको भए 'मैले जितें थप सहयोग गर' भन्न वा 'कांग्रेसले हारे पनि प्रजातन्त्र बलियो भयो भन्न' भारत भ्रमणको औचित्य हुन्थ्यो । देउवासँग असमान सन्धि खारेज गर्ने प्रस्ताव नै छैन । न उनलाई त्यसको मतलब भएको भान हुन्छ । बाढी, पहिरो र डुबानको राष्ट्रिय विपत्तिमा भारतको हेपाहा प्रवृत्तिका कारण सृजित समस्या समाधानको लागि राष्ट्रिय सहमतिको प्राधिकारपूर्ण प्रस्ताव लिएर पनि देउवा दिल्ली गएका छैनन् । एकातिर गोवामा दलाई लामाका मन्त्रीसँग 'एक चीन नीति' को विरुद्ध भेट्नु र भारत-चीन डोक्लाम तनावमा मुख नखोल्नुले कुटनीतिक असन्तुलनप्रति नै इङ्गित गरेको छ । विमस्टेक बैठकको अन्तर्यमा डोक्लाम विवादमा भारतको पक्षमा जनमत बनोस् भन्ने आशय थियो । त्यही आशय देउवाको भ्रमणमा झल्कने वक्तव्य जारी गर्न भारतले प्रयास गर्नेछ । त्यसो नहोस् भन्ने देशभक्त र विश्व जनमत रहेको छ ।





सोमबार दुबै देशका परराष्ट्र मन्त्रालयले देउवाको भ्रमणको औपचारिक पुष्टि गरेका थिए । शनिबार प्रम देउवाले पूर्व प्रमहरूसँग परामर्श गरेका थिए । उनीहरूले भारत-चीन डोक्लाम तनावमा नेपालको तटस्त विदेश नीति कायम राख्न र नेपालको बाढी र डुबानमा भारतले सीमा क्षेत्रमा निर्माण गरेका संरचनाको समाधानमा ठोस पहल गर्न सल्लाह दिएका छन् । त्यसैगरी पशुपतिनाथको मुख्य मन्दिरको मर्मत-सम्भार गर्न भारतले चाहेको छ तर त्यो राष्ट्रहितमा नहुने विज्ञहरूको राय रहँदै आएको छ । महाकाली नदीको

... बाँकी पृष्ठ ४ मा

## रामवृक्षको स्मृतिसभामा आक्रमण

■ रातो खबर संवाददाता/बर्दिबास

नेपाल कम्युनिस्ट पार्टीद्वारा २ गते धनुषा, बर्मीझियामा आयोजित रामवृक्ष यादव स्मृतिसभा प्रचण्ड समूहले आक्रमण गरी भाँडेको छ । मञ्च निर्माण गर्दैगर्दा मातृका यादव, महादेव यादवलगायत माके-नेताहरूले नै आक्रमण गरेका थिए । नेकपाका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज र नेकपा (माओवादी केन्द्र) का नेता विश्वनाथ साहबीच अलग-अलग स्थान र समयमा सो कार्यक्रम गर्ने सहमति भई सोही सहमतिअनुसार कार्यक्रमको तयारी हुँदै थियो । कार्यक्रमको तयारी भइरहेको र जुलुस आउँदै गर्दा मातृका यादवकै नेतृत्वमा नेकपाका केन्द्रीय सदस्य सन्देश पौडेललाई 'गौर' बनाइदिन्छु भन्दै आक्रमण गरे । भारतीय संलग्नताको अपराधिक घटनामा मातृकाको समेत संलग्नता भएको रहस्य उनकै भनाइले प्रकट गरेको छ । त्यसपछि प्रहरीले दोषीहरूलाई पक्राउ गर्नुको सट्टा नेकपाका केन्द्रीय सदस्यहरू सन्देश पौडेल, देवनारायण साह, ब्युरो सदस्यहरू राजु कार्की, प्रेमप्रकाश वली, लक्ष्मण पौडेल, आइडिएल चौधरीलाई पक्राउ गऱ्यो । कार्यक्रममा जान आएका सहभागीको बसलाई बर्दीवासमा नै रोकेर प्रहरीले अघि बढ्न दिएन । अन्य बसहरू पनि कार्यक्रमस्थलमा पुग्न प्रहरीले रोक्यो । सहभागीहरूले अवरोध गरिएकै स्थानमा नाराबाजी गरेका थिए । नेकपाका प्रवक्ता प्रकाण्डले सोही दिन विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गर्दै बिनाशर्त रिहाइको माग गर्नुभएको थियो ।

बर्मीझियाको कार्यक्रममा माकेको तर्फबाट प्रचण्ड नै जाने पूर्व-तयारी थियो । आफ्नो तर्फको तयारी कमजोर भएको र नजिक-नजिकमा दुईवटा सभा भएका कारण प्रचण्ड

... बाँकी पृष्ठ ४ मा

## क्रान्तिको बाटो छाड्दैनौँ : असारे काका





■ विनोद सुवेदी/मन्थली

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे काका' ले पार्टीले एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा अवलम्बन गरेर अघि बढिसकेकाले क्रान्तिको प्रक्रिया तीव्रतामा अघि बढिरहेको बताउनुभएको छ । पन्ध्रौं दोरम्बा हत्याकाण्ड स्मृति दिवसका

... बाँकी पृष्ठ ४ मा

## जातीय हिंसामा फस्दै अमेरिका

■ एजेन्सी






गोरा जातिवादी आरोप लागेका अमेरिकी जग्गा कारोबारी डोनाल्ड ट्रम्प विजय भएपछि अमेरिकामा जातिवादीहरू झन् उत्साहित भएका छन् । भर्जिनिया राज्यस्थित सार्लोट्‌सभिलमा अघिल्लो शनिबार नाजी विचारबाट दीक्षित ' गोरो प्राधिकार समूह' ले गरेको प्रदर्शनको क्रममा एक जना महिलासहित ३ जनाको मृत्यु भएको थियो । अमेरिकामा युरोपबाट गराएका गोराजाति, अमेरिकी आदिबासी (रेड इन्डियन) र अफ्रिकी मूलका कालाजाति मुख्य तीन समुदाय बस्छन् । अमेरिकामा सानो संख्यामा रहेका यहुदी समुदायको पनि ठूलो आर्थिक-राजनीतिक बर्चस्व छ । संसारभरिका सबैजसो जातिहरू अमेरिकामा बसोबास गर्छन् । अमेरिकी संविधानले सबै नागरिकप्रति समान दृष्टिले हेर्दछ तर युरोपबाट गएका आप्रबासी गोराहरूको

... बाँकी पृष्ठ ७ मा

## बाढीले माइती नै लग्यो के-को तीज बरीलै



■ रातो खबर संवाददाता/काठमाडौँ

खासगरी सहरी क्षेत्रमा तीजको रमझम सुरु भएको छ । रातो पहिरनमा महिलाहरू बजार र सडकमा देखिएका छन् । भोजभतेर र नाचगान सुरु भएको छ तर देशको अर्को भाग तराईमा भने तीज जति नजिक आउँदैछ, त्यति नै हृदय क्षतविक्षत हुँदै गइरहेको छ । बाढी, डुबान र कटानले सयौंको ज्यान गएको, कैयौं बेपत्ता भएका छन् र घरबास उजाड भएको छ । रौतहट, मानपुरकी शर्मिला चौलागाईं भन्छिन्, "एउटा मात्र भाइलाई बाढीले बगायो । महिलाहरू नाचेको देख्दा पनि कसैले घाँटी थिचेझैं औडाहा हुन्छ । सधैंका लागि माइती गयो ।" यस्तो पीडा

... बाँकी पृष्ठ २ मा

## सहिद रामवृक्षको रगतमाथि खेलवाड

देश/परिवेश

■ सन्देश पौडेल



*"इमानदार र बहादुर छोराछोरीहरू आमाको गर्भबाट होइन, वर्गसङ्घर्षको भट्टीबाट जन्मिन्छन् ।" – **क.माओ***

**संक्षिप्त जीवनी**

सहिद रामवृक्षको वास्तविक जीवन वर्गसङ्घर्षबाटै सुरु भयो र सहादत पनि वर्गसङ्घर्षको बीचबाटै भयो । रामलखन यादव र सम्पत्तिदेवी यादवको कोखबाट २००३ सालमा कमरेड रामवृक्ष यादवको जन्म भएको हो । मध्यम वर्गीय किसान परिवारमा जन्मिएर पनि उहाँले निकै अभाव र कष्टकर जीवन बिताउनुभयो । सामाजिक तथा राजनीतिक कार्यमा आफ्नो पैतृक सम्पत्ति बेच्दै जाँदा गरिब किसान वर्गमा बदलिनुभयो । तराई मधेसमा हुने सामन्ती उत्पीडन र त्यसको प्रभावविरुद्ध किशोर अवस्थादेखि नै उहाँमा घृणा देखिन्थ्यो ।

क्रान्तिकारी राजनीतिक जीवनमा प्रवेश गर्नुअघि २०२५ सालमा बर्मीझियाकै प्राविमा प्राधानाध्यापक भई शिक्षण पेसामा रहनुभयो । त्यतिबेला उहाँ हिन्दूवादी चिन्तनमा आधारित किर्तन मण्डली (सांस्कृतिक टोली) मा क्रियाशील हुनुभयो । पछि त्यही टोलीलाई संगठनको आधार बनाउँदै सामन्ती जमिनदार विरोधी गीत-संगीतको थलो बनाउनुभयो । २०२९ सालमा क्रान्तिकारी योद्धा कमरेड ऋषि देवकोटा (आजाद) सँग सम्पर्क भयो । त्यसपछि उहाँ निरन्तर क्रान्तिकारी पार्टी र आन्दोलनमा क्रियाशील हुनुभयो ।

२०३० सालतिर धनुषा र तराई-मधेसमै पनि सामन्तहरूले कम ज्याला दिएर किसानलाई दिनभरि काम लगाउँथे । किसान झण्डै अर्धदास अवस्थामा थिए । त्यसका विरुद्धमा बनी आन्दोलन (ज्यालादारी आन्दोलन) संचालन गरी सफल पार्नुभयो । त्यस आन्दोलनको अगुवाई गरेको आरोपमा तत्कालीन पञ्चायती सरकारले उहाँलाई जनकपुरबाट पक्राउ गरेर ६ महिनासम्म जलेश्वर जेलमा बन्दी बनायो । त्यहाँबाट छुटे पनि २०३० सालमा तत्कालीन नेकपा (चौम) बाट उहाँले पार्टीको सदस्यता लिनुभयो । २०३४ सालमा शिक्षक पेसामा नै रहेको बेला कमलानदी छेउको बाह्र विघा ऐलानी जमिन सुकुमबासीहरूलाई बितरण गर्नुभयो । त्यही निहुँमा उहाँलाई पुनः गिरफ्तार गरी जेल हालियो । २०३५ सालमा शिक्षण पेसा

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

### डुबान समस्या समाधान गर

एकातिर सरकारले स्थानीय तहको प्रदेश नं. २ को चुनाव घोषणा गरेको छ । तीज जितियासँगै दसैंलगायतका पर्वहरू ढिम्किएका छन् तर बर्दियादेखि झापासम्मका तराईका जिल्लाहरू बाढीको चपेटामा परेका छन् । चाडबाड जति नजिक आउँछन् बाढीको पीडा झन् बढी अनुभूत हुनेछ । वर्षा घटेको छ । कटान र डुबानपछि सरुवा रोग, अनिकाल, अभावले भयानक विपत्तिको संकेत गरिरहेको छ । यस्तो समयमा प्रम शेरबहादुर देउवा भारत भ्रमण जाँदैछन् ।

भारतले अन्तर्राष्ट्रिय कानुनको बर्खिलाप हुने गरी कतिपय स्थानमा दसगजाभित्रै र कतिपय स्थानमा सीमा नजिक तटबन्ध, बाँध र अग्ला सडक संरचना निर्माण गरेको छ । जसले नदी, खोला र खहरेको (उत्तरबाट दक्षिण बग्ने) प्राकृतिक बहाव अवरुद्ध गरेको छ । पानी नेपाली भूमिमा जम्मा हुँदा नेपाली बस्ती डुबानमा परेका छन् । त्यसैगरी, कोशी र गण्डक नहरको जलप्रवाह नियन्त्रण गर्ने साँचो भारतको हातमा एकलौटी रहेको छ । नेपालका नदीले नेपालकै बस्ती डुबानमा पर्दा बाँधको ढोका खोल्न र आफ्ना नागरिकको रक्षा गर्न भारतलाई गुहार्नुपर्छ । अनुनय-विनय गर्नुपर्छ । यस्तो निरीह अवस्थामा नेपाललाई सार्वभौम राष्ट्र भन्न सुहाउँछ ? सिमानामा नदीको प्राकृतिक बहाव थुनिनु र जलप्रवाह खतराभन्दा माथि पुग्दा पनि बाँधको ढोका नखोलिदिएका कारण तराईमा १ सय ३५ भन्दा बढीको ज्यान गएको छ । पचासौं बेपत्ता छन् । ६० लाख नागरिक प्रभावित छन् र करोडौं धनमालको क्षति भएको छ । यो ६० प्रतिशत भारतसिर्जित र ४० प्रतिशत प्राकृतिक समस्या हो भन्दा अर्घेल्याइँ नहोला । तसर्थ, प्रम देउवाले भारतसँग सो समस्या समाधानका लागि ठोस पहल गर्नुपर्छ । प्रमको भ्रमण अर्को राष्ट्रघातमा सीमित नहोस् ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# अतीतमा नारी उत्पीडन र तीज


निभा शाह

*चेली बुबा तेरो किलो खोजन्ना*
*तु तेइ किला बाँधी जा*
*कित चेली तु साइबाज भै उडिजा*

*चेली बुबा तेरो खुँडी (पिँजडा) खोजन्ना*
*तु तेइ खुँडी थुनी जा*
*कित चेली तु साइबाज भै उडिजा*

व्यक्तिगत सम्पत्तिको भाष्यले वैवाहिक संस्था, वंश संस्था, वर्ग संस्था र लालपुर्जा संस्था बनाउँदै आयो । त्यही लालपुर्जाले व्यक्तिगत सम्पत्तिको संस्थालाई संस्थागत गर्न वा जोगाइराख्न धर्मशास्त्र लेख्यो । त्यसैले धर्मशास्त्र, पितृशास्त्र र लालपुर्जा शास्त्र भन्नु एकअर्काका पर्यायवाची शब्द हुन् । यी पर्यायवाची शब्दमा सबै धर्मशास्त्रले भन्छ- महिला तिमीहरूका (पुरुषका) खेत हुन् । तिमी जसरी चाहन्छौ जोत । फरक यति हो कुनै धर्मशास्त्रले सिधै महिला खेत हुन् भनेर लेख्यो । कुनै धर्मशास्त्रले कुटनीतिक भषामा महिला खेत हुन् भनेर लेख्यो । जसले जुन प्रकारले महिला उत्पीडनको भाष्य लेखे पनि धर्मशास्त्र भनेको पितृसत्ताको विधान हो । यो विधानले महिला चाहे रानी हुन्, चाहे पातर, चाहे नेतृ वा कवयित्री, लेखिका जो सुकै महिला हुन्, ती सबैलाई जोत र पोत बनाएर जोत्छ ।

**रोल नं**. १ : रामका बा दशरथ । दशरथ रामका बाउ बीउ थिएनन्, मात्र बाउ थिए । नियोग प्रकृयाबाट बनेका बाउ । दशरथले तीनवटा विवाह गरे कौशल्या, कैकेयी र सुमित्रा । तीनवाटा स्वास्नी (दासी) का स्वामी (मालिक) बाट जब बच्चा जन्मिएन उनी प्रमाणित भए । उनीसँग शुन्य क्रोमोजोम छ । उनले तीनवटै रानीलाई जवान श्रृङ्गी ऋषिद्वारा सम्भोग गर्न लगाई बच्चा जन्माउन लगाए । र, रैती दुनियाँलाई बतासे घोषणापत्र यसरी जारी गरे- श्रृङ्गी ऋषिले पुत्रेष्टि यज्ञ गरेका हुनाले मेरा छोराहरू यज्ञका तपले जन्मिए ।

**रोल नं**. २ : महाभारतमा विचित्रविर्य राजा छन् । तीनका पनि कुनै पनि रानी र दासीबाट बच्चा नजन्मिएपछि उनले ऋषि व्याससँग सम्भोग गर्न लगाई आफ्ना रानी र दासबाट बच्चा जन्माउन लगाए, ती थिए धृतराष्ट्र, पाण्डु र विदुर । यी राजले पनि रैती दुनियाँमाझ यसो घोषणा गरे । मेरा पुत्रहरू व्यास ऋषिका तेज तपले जन्मिएका हुन् न कि सम्भोगबाट । राजा पाण्डु पनि जन्मजात सम्भोग गर्न असक्षम थिए । उनले आफ्ना रानीहरू कुन्ती र माद्रीलाई ५ जना परपुरुषसँग सम्भोग गर्न लगाई ५ पाण्डवलाई जन्म दिन लगाए । उनको घोषणापत्र थियो- पतिका आज्ञाले वंश उत्तराधिकारी जन्माएका ।

**रोल नं**. ३ : महाभारतको शान्तिपर्वमा भनिएको छ- 'युवानाश्व राजाले आफ्नी प्रिय स्त्रीलाई दानमा दिएर स्वर्ग प्राप्त गरे ।' त्यसैगरी त्यही पर्वमा भनिएको छ- 'मित्रसहले आफ्नी स्त्री मदयन्तीलाई ऋषि वशिष्ठलाई दिएर स्वर्ग प्राप्त गरे । महाभारतको अनुशासन पर्वमा भनिएको छ 'सुदर्शनले अतिथि सेवार्थ आफ्नो भार्या (स्वास्नी) लाई दिएको हुँदा उनले अमर कृति प्राप्त गरे ।'

**रोल नं**. ४ : पन्नी दान युनानी इतिहासमा पनि यत्रतत्र पाइन्छ । सुकरातले आफ्नी स्त्री जन्तीपलाई आफ्ना मित्र अल्किवियादिशलाई सम्भोगका लागि अर्पण गरे ।

**रोल नं**. ५ : माओवादी जंगलकालमा पम्फा भुसाल र रामबहादुर थापा 'बादल' बीच रागात्मक सम्बन्ध रहन गयो । यो रागात्मक सम्बन्धलाई लिएर प्रचण्डको न्यायधिश मण्डलमा पम्फाजीलाई प्रश्न सोधियो । तपाईंहरूको रागात्मक सम्बन्धको बारेमा प्रस्ट पार्नुस् । पम्फाजीले पहिला त कार्वाही हुने डरले आफू र बादलबीच रागात्मक सम्बन्ध नरहेको दलिल पेश गर्नुभयो । जब उनका दलिलहरू फेल हुँदै गए, उनले आफूले बादलसँग विवाह गर्न पाउनुपर्छ भनेर नयाँ दलिल पेश गरिन् तर उनको यो बोलीलाई बादलले यसो भनेर उल्ट्याइदिए- मेरो उहाँसँग सम्बन्ध भ्याकुम (आफ्नी श्रीमतीसँग सँगै नरहेको) अवस्थामा रहन गएको हो । म मेरो श्रीमतीलाई प्रेम गर्छु । न्यायधिश प्रचण्डजीले उहाँ दुबैको कुरा सुनेपछि यसरी पो कार्वाही गरे । विवाहित पुरुषले अरू स्त्रीसँग सम्बन्ध राख्न पाउँदैनन् । एकनिष्ठ पवित्र रहनुपर्छ । पम्फाजीले विवाह नगरीकन कुनै पनि पुरुषसँग सम्बन्ध राख्न पाउनुहुन्न । फेरि त्यस्तो पुरुषसँग त राख्नै पाउनुहुन्न, जो विवाहित होस् ।

**रोल नं**. ६ : तीज पर्वकी अभिनेत्री पार्वतीले शिवलाई पोइ पाऊँ भन्दै पानी पनि नखाईकन व्रत बसिन् । शिवजी प्रसन्न भए । पार्वतीसँग विवाह गरे । पार्वती शिवकी गौरी (श्रीमती) भइन् । अहिले पनि सुदूरपश्चिम र कर्णालीतिर फलानाकी श्रीमती वा जोई नभनेर फलानाकी गौरी भन्ने चलन छ । पार्वती गौरी भएपछि गौरी हुनुको महिमा गानमा तीजको व्रत बस्ने चलन विरासतमा आउँदै गयो । यही पोइ-प्रथा अर्थात् पार्वतीले आफ्ना लागि पोइ मालिक पाऊँ भन्दै व्रत बसेको कू-परम्परालाई पोइ-संस्थाले महिलाको खोपडोभित्र धमिरा छिराइदिएपछि कठपुतली बनाएका महिलाहरू अचेल बजारशास्त्रको कब्जामा परेर यसरी गाउँदै नाचिरहेका छन् ।

*हातको सुनको चुरा सिंगापुरे भेनाले ल्याइदिएको*
*शिरको सिन्दुर रामजस्ता स्वामीले लाइदिएको ।*

रामले सबरीको देह चाखे कि सबरीको जुठो बयर चाखे ? यिनका तीज गीतले के भन्ने हुन् । विश्वभरिका पर्दाभित्र र बाहिर चल्ने बेश्यालयको बारेमा यिनका तीज गीतले के गाउँछन् ?

**निचोड** : नियोग प्रकृयाबाट वंश जोगाउन दशरथ बाउ बने, विचित्र वा पाण्डु बाउ बने । विमति यहाँनेर छैन, विमति छ तत्तत् पुरुषसँग सम्भोग गर्न चाहन्छौ कि चाहन्नौ वा तिमीहरू वंशीय आमा हुन चाहन्छौं कि चाहन्नौ भनेर ती महिलासँग इच्छापत्र सोधनी नहुनु । तिनलाई छोरा जन्माउने भाँडो बनाउनु ।

अर्को विमति हो, त्यही पोइ-संस्थाले स्वास्नीलाई दान नदिने, सतीमा जलाउने, दहेजमा पोल्ने, स्त्रीलिंगको भ्रुण पहिचान भएपछि गर्भपतन गर्ने । नयाँ-नयाँ रंगहरूको लिपापोतीले महिलालाई शोषण गरिराख्ने हो भने किन चाहियो वैवाहिक संस्था र लालपुर्जा ? प्रश्न उठाउने कि नउठाउने ।

अन्त्यमा, कम्युनिस्ट पार्टीभित्र सती, सावित्री र सीता हुन् नसकेकोमा महिला देहको लालपुर्जा बोक्ने प्रचण्डजीले कुन कम्युनिस्ट पार्टीको घोषणापत्र बोक्दै देह पवित्रताको नाममा कार्वाही गर्नुभा'होला ? के कार्वाही गर्ने र कार्वाही भोग्नेले देह र दिमागलाई उपनिवेशीकरण गर्दै एङ्गेल्सको किताब 'परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्तिलाई पर्दाभित्र राखेका हुन् कि ? जब कि कर्णालीको आदिम महिला लोक-साहित्यले एङ्गेल्सको किताबलाई न्याय गर्दै गीत गाइरहेको छ :

*चेली बुबा तेरो किलो खोजन्ना*
*तु तेइ किला बाँधी जा*
*कित चेली तु साइबाज भै उडिजा*
*चेली बुबा तेरो खुँडी (पिँजडा) खोजन्ना*
*तु तेइ खुँडी थुनी जा*
*कित चेली तु साइबाज भै उडिजा*

परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्तिबाट बारम्बार उद्धृत गरिने प्रसंग 'लामो निरस दाम्पत्यभन्दा प्रेमको एक पगको चुम्बन राम्रो' भनेका छन् तर यो तर्कलाई एङ्गेल्सले खारेज गर्दै भनेका छन् । यो तर्क पुरुषको पक्षमा जान्छ जबसम्म सम्पत्ति र उत्पादनको स्रोतमाथि (राज्यसत्ताको सांस्कृतिक शक्ति पनि भन्न खोजिएको हो) स्त्री पुरुषको समान अधिकार हुँदैन । पुरुषले यस स्थितिको फाइदा स्त्रीको भावनात्मक शोषणका लागि गर्छ । यदि स्थिति यही अवस्थाको थियो भने कमरेडहरूको कार्वाही बादलजीलाई मात्र हुनुपर्ने । पम्फाजी र पम्फाजीभन्दा सारै कमजोर अरू महिला कमरेडमाथि किन ? प्रचण्डपथीय न्यायको दण्ड किन ?


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाणपत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा-बाबु उमेर आदिको वैधानिक प्रमाण हुने ।
- विद्यालय भर्ना हुनको लागि सजिलो पर्ने ।
- नागरिकताको प्रमाणपत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल-अचल सम्पति नामसारी गर्न सजिलो पर्ने ।
- पति-पत्नी बिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम भिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।

**व्यक्तिगत घटना दर्ताका लागि समबन्धित वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक बडापत्र अध्ययन गरौं ।**

प्रमुख एंवम कार्यकारी अधिकृत
**क्षीरेश्वरनाथ नगरपालिका**
धनुषा, प्रदेश नं.२, नेपाल ।


## बाढीले माइति ...


शर्मिलाको एक्लो होइन । एकथरी नारी भोजभतेर र नाचगान गरिरहेको बेला अर्को घरमा यस्तो पीडा छ । उता विराटनगर - ३ का सन्तोष घिमिरेको बाढीले घरका सबै अन्नपात बगाएको छ । धानखेत डुबेर बालीनाली सबै नष्ट भएको छ । गतवर्ष विहे गरिदिएकी छोरीलाई घरमा बोलाउन पनि उनलाई गाऱ्हो भएको छ । 'बूढी तीज सम्झेर रोइरहन्छे । भगवान्ले पनि गरिबलाई नै कहर थप्दा रहेछन्' टोलाउँदै घिमिरे दुःखेसो गर्छन् । बर्दिया, बबई किनारबाट विस्थापित भएर गुलरियाको सरकारी जमिनमा अस्थायी शिविरमा बसेका श्याम विश्वकर्माको पीडा पनि उस्तै छ । 'भएको एउटा आरन पनि दैवले लग्यो । खाने अन्न छैन । राहतमा पाएको चामल पनि ढुसी परेको छ । न काम छ न आम्दानी, जीवनमा पहिलो पटक बहिनी लिन जान पनि सकिनँ' आँखामा आँसु टिलपिल गर्दै विश्वकर्मा भन्छन् । उता चाँदनीका ८८ वर्षीय वृद्ध हरिबहादुर कठायतको पीडा झनै पीडादायक छ । उनकी एक मात्र छोरीको विवाह इटहरीमा भएको हो । नातिनीलाई बाढीले खाएपछि छोरी माइती नआउने भएकी छन् । 'यसपालि छोरी नआउने भइछ । म जानुपर्ने बेलामा भगवान्ले नातिनीलाई लगे । अर्को तीजसम्म त के बाँचिएला र !' उनको कलेटी परेका ओठ काप्दै गर्दा आँखामा आँसु टिलपिल गर्दै थिए । बाढी तराईमा गएको हो तर बाछिटो पिंढी नाघेर घरभित्र पसेझैं पीडा राजधानीदेखि हिमालसम्मै फैलिएको छ । यस्तो बेला के-को तीज भनेर नाच्नु गाउनु र खै !


## विद्युत महशुल छुट सम्बन्धी सूचना

मिटर रिडिङ मिति (ग्रा.नं.को बीचको अंकदेखि सात दिनभित्र महशुल बुझाउने ग्राहकहरुलाई हालसम्म दिँदै आएको ३ प्रतिशत छुट अब उप्रान्त २ प्रतिशत मात्र दिने निर्णय भएको व्यहोरा सम्पूर्ण विद्युत ग्राहक वर्गमा जानकारी गराइन्छ ।

**नेपाल विद्युत प्राधिकरण**
भरतपुर वितरण केन्द्र

# पोखरा सस्तो बजार सङ्घर्षले उब्जाएका प्रश्न


रूपेश

(गताङ्कको बाँकी)

**जनताको मौलिक हकको प्रश्न**

नेपालका संसद्वादी एवम् आफूलाई असली प्रजातन्त्रवादी र गणतन्त्रवादी भन्नेहरूले विश्वकै अब्बल मानेको नेपालको संविधान २०७२ को मौलिक हकको धाराले व्यवस्था गरेको रोजगारीको हक, बाँच्न पाउने हक, निजी सम्पत्तिमा हुने नोक्सानी र क्षतिपूर्तिको हकलगायतका अधिकारलाई पूरै कुल्चँदै एकलौटी बलप्रयोग र दमन गर्दै जसरी पनि व्यवसायीलाई हटाउनेतिर उद्यत देखिन्छन् । जसको ज्वलन्त उदाहरण जनार्दन गृह प्रशासनले सम्पत्तिको हकदार व्यवसायीलाई उपस्थित नगराई मनपरी तरिकाले बजारको सामान पोको पार्दा न त सबैलाई मान्य हुने भरपर्दो साक्षी नै राखेको छ । यसो गर्दा निजी सम्पत्तिमाथिको व्यक्तिको हक पूरै खोसिएको छ । यसले कि उनीहरूले उत्कृष्ट मानेको संविधान आफैंमा नक्कली छ कि त उनीहरूले खासमा संविधान भन्ने कुरा मात्र हो, गर्ने त आफूलाई जे मन लाग्छ त्यही हो भन्ने हुन जान्छ । कानुनको कुरा गरेर दलालहरूले जनतामाथि फासिवाद थोपर्न खोज्दैछन् हैन भने विगतमा पोखरा सभागृहको सम्झौता, हिमागृहको सम्झौता, जिल्ला विकास समिति कास्कीमा सतिघाटलगायतका बोलपत्र र सम्झौताहरू रद्द हुन सक्छन, राज्यले विचौलियासँग मिलेर राज्यको अरबौं सम्पत्ति नेपाल आयल निगमको क्षेत्रीय डिपो खरिदमा जग्गा प्राप्ति ऐन २०३४ समेतलाई मिचेर काम गरिरहेका छन् भने अर्कोतिर चोरबाटोबाट राजिनामा दिएको सरकार र ऊर्जामन्त्री जनार्दन शर्माको उपस्थितिमा बूढी गण्डकी सम्झौता सार्वजनिक खरिद ऐनलगायत कतिपय कानुनहरू मिचेर काम गर्न पछि नपर्ने जनार्दन गृहप्रशासन नेपाली जनताको गरिखाने अधिकार सुनिश्चित गर्ने भन्दा छिन्नतिर किन लाग्दैछ र कानुनको हवाला दिंदैछन् ? सबैले सोच्ने बेला आएको छ ।

**क्षतिपूर्तिको प्रश्न**

सस्तो बजारको हरेक स्टलमा न्यूनतम १० लाखदेखि अधिकतम ३० लाखसम्मको मालसामान बेच्न रखिएका छन् । यसको औसत मूल्य एकमुष्ठमा निकाल्दा वा एक स्टलको १२ लाखको अनुपातमा माल रहेछ भने पनि २१७ स्टलको २६ करोड ४ लाखको मूल्य देखिन आउँछ । भौतिक संरचना र वस्तुको सबै मूल्य जोड्दा ३६ करोड ८९ लाख जति पर्न आउँछ । २०६९ सालबाट लगातार ४ वर्षसम्म आफ्नो स्टललाई थप लगानी गरेर पसलको भुईं ढलान गर्ने, विभिन्न किसिमका टाँसी राख्ने, कपडा फेर्ने कोठाहरू, लकर निर्माण, वाइरिङ्ग आदि-आदि सुविधा पसलहरूमा थपिंदै गए । निरन्तरको गतिशील प्रवाहमा आफूलाई ढाल्दै जाँदा सबै व्यवसायीहरूले आफ्नो स्टलको न्यूनतम मूल्य करिब ५ लाख बराबर देखिन्छ । यदि हामीले न्यूनतम मूल्यकै हिसाब गर्ने हो र एक स्टलको ५ लाख मात्रै राख्ने हो भने पनि २१७ स्टलको १० करोड ८५ लाख त भौतिक संरचनाको मूल्य देखिन आउँछ । यसमाथि हरेक स्टलमा न्यूनतम् १० लाखदेखि अधिकतम ३० लाखसम्मको सामान बेच्न रखिएका छन् । यसको औसत मूल्य एकमुष्ठमा निकाल्दा वा एक स्टलको १२ लाखको औसतमा सामान रहेछ भने पनि २१७ स्टलको २६ करोड ४ लाखको मूल्य देखिन आउँछ । भौतिक संरचना र बिक्री गर्न राखिएको सामानको सबै मूल्य जोड्दा ३६ करोड ८९ लाख जति पर्न आउँछ । ३५ दिन लामो बन्दको कारण बजारमा सडेको खाद्यवस्तु र पानीले भिजेर, मुसाले काटेर बिग्रेका सामानको मूल्य, व्यवसाय गर्न नपाएर भएको बैंक या वित्तीय संस्थाको ब्याजलगायतको क्षतिपूर्ति पाउनुपर्ने प्रश्नमा यसको सम्बोधन राज्यले गर्न सक्छ ? खाली दलाल र विचौलियाको मात्र संरक्षण राज्यको दायित्व हो ? जनताले क्षतिपूर्ति पाउनुपर्दैन ? आम बहसको विषय बनेको छ । लामो समयसम्म फासिवादी शैलीमा दमन गरी कुनै पनि सकारात्मक निकास दिन तयार नहुने राज्य पक्षका सम्बन्धित निकायमा बसेर दलालको पक्षमा काम गर्ने जनताको क्षतिमा रमिते बन्ने, खराब स्थितिसम्म पुऱ्याउने नेपाल वायुसेवा निगमका केन्द्र र क्षेत्रका भ्रष्ट कर्मचारी र उनीहरूलाई कानुनी पक्षको नाममा साथ दिने भ्रष्ट र दलालहरूको विरुद्ध जनप्रतिरोध कुनै न कुनै रूपमा अघि बढाउनुपर्ने देखिन्छ ।

**न्यायालयको फैसला**

पुनरावेदन अदालत पोखराको २०७४ असार २३ गतेको फैसलाले २०७४ असार २१ गते ७२ घण्टाको समयसीमा तोकेर खाली गर्न जारी गरेको निगमको सूचना बमोजिम कार्य नगर्नु-नगराउनु भनी पुनरावेदन अदालतको नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी भएको छ । यसले स्वतः निगमले जारी गरेको असार २१ को सूचना र यसअघि तालाबन्दी गरेको कदम स्पष्टत गलत भएको बुझिन्छ तर सो फैसलाअनुसार पनि बजारको द्वारको ताला खोलिएन । अदालतको दोस्रो फैसलाले व्यवसायीहरूलाई न्याय दिन भने सकेन । कानुनी हिसाले हेर्दा जग्गा प्राप्ति ऐन २०३४ अनुसार जुन प्रयोजनको लागि हो सोही प्रयोजन गर्नुपर्ने प्रावधान रहेकोले ७ वटा भन्दा बढी बोलपत्र फारम पक्षले बढी मूल्य भयो भनी फिर्ता भएको अवस्थामा दुईभन्दा बढी फाराम पक्ष फिर्ता भएपछि पुनः बोलपत्रमा जानुपर्ने भएकाले, बोलपत्र आह्वान गरी अनावश्यक व्यापार र कमिसन खेलमा लागि द्वन्द्वको स्थिति निगमले सिर्जना गरेको, पोखरा महानगरपालिकाले निगमलाई बोलपत्र आह्वान पूर्व पत्रचार गरी व्यवसायीलाई नै व्यवसायको वातावरण सिर्जना गराइदिन भनी सिफारिस गरेको, बोलपत्र हुनुपूर्व अघिल्लो पक्षसँग सहमतिमा बजार चलिरहेको र खाली नभएको अवस्थामा बोलपत्र आह्वान गरिएको आदि कारणले यो बोलपत्र प्रक्रिया कानुनी हिसाबले, आर्थिक चलखेल र कमिसनसँग जोडिएकोले कास्कीस्थित कुनै पनि जिल्लाका सम्बन्धित निकायसँग (पूर्व बजारको व्यवस्थापनको सरोकार जोडिएका पक्ष) समन्वय नभएकाले यो बोलपत्र प्रक्रिया खारेज हुनुपर्दछ । व्यवसायीले आगामी दिनमा न्याय पाउनेछन् भन्ने झिनो आस भए पनि ढुक्क हुने स्थिति छैन किनकि पछिल्लो भरतपुरकाण्डको फैसलाले नेपालमा अदालत पनि कसरी चलेको छ भन्ने सहजै बुझ्न सकिन्छ । जहाँ शक्ति र स्वार्थको दबाबमा न्यायालय पर्दछ, त्यहाँ जनता वा व्यापारीले न्याय पाउने सम्भावना निकै कम देखिन्छ ।

**राज्यको दमन**



तस्विर : विजय अधिकारी

राज्यले सस्तो बजारको समस्यालाई सकारात्मक समाधानको कुनै बाटो खोलेन । राज्यले विगतका पञ्चायती शासनकाल, बहुदलीय संसदीय शासनकाललाई समेत उछिन्दै फासिवादको बाटो हिँडेको देखियो । उनीहरूले बजारमा ३५ दिन लामो तालाबन्दी गर्ने, वार्ताको कुनै वातावरण नबनाउने, शान्तिपूर्ण संघर्षमा रहेका जनतामाथि लाठी बर्साउने, व्यापारीहरूलाई पटक-पटक गिरफ्तार गर्ने, यसरी गिरफ्तार पर्नेहरूमा साउन २० गते नेकपाका कास्की जिल्ला सेक्रेटरी नन्दलाल तिवारी, सस्तो बजारका व्यापारी बच्चाका आमाहरू क्रमशः सरिता खनाल, शर्मिला अधिकारी र व्यापारीहरू देवी देवकोटा, मोतिकला चौधरी, मीना ढकाल थिए । असार १२ गते एकाबिहानै व्यापारीहरू क्रमशः मिलन तमु, अवदेश शाह, देवेन्द्र पाण्डे, सन्तोष तमुलगायत एक दर्जन बढीलाई गिरफ्तार गर्ने, गत असार २७ गते गिरफ्तार गरिएका व्यापारी शिव खनाल र चन्द्रबहादुर नेपालीलाई हालसम्म पनि जिल्ला अदालतमा कानुनी प्रक्रियामा प्रवेश नगराउने, साउन २० गते गिरफ्तार गरिएकाहरूलाई झुट्टा अभियोगको तयारी गर्दै बजारमा पाएको भनि कुखुरा काट्ने खुकुरी लिएर देखाउने जस्ता षड्यन्त्रसमेत जनार्दन गृह प्रशासनले गर्न भ्याएको छ । सर्वस्वीकार्य पक्षको रोहवर र व्यापारीको अनुपस्थितिमा व्यक्तिको निजी सम्पत्तिको हकको उलङ्घन गर्दै बजारको स्टलका सामान सुरक्षाकर्मी लगाएर पोको पार्ने, दर्जनौं व्यापारीहरू क्रमशः असार १२ गतेको दमनमा देवी देवकोटा, शान्ता पौडेल, मञ्जु सुवेदी, सोम लामा, सरिता खनाल, सर्मिला तिमिल्सिना, भवानी दाहाल र तिलबहादुर रेग्मीलगायतलाई घाइते बनाउने कार्य विशेषतः जनार्दन गृहप्रशासनको समयमा भएको छ । राज्यको फासिवादी दमन शैलीले नेपालमा गणतन्त्रको औचित्यमा प्रश्न उठ्ने स्थिति बनेको छ, जहाँ दलाल विचौलियाको निर्देशनमा राजनीतिक पार्टी तिनका नेता र राज्य संयन्त्र सकृय भएको नागरिकहरूले छर्लङ्ग देखेका छन् ।

**समाधानको प्रयास र राज्यको नियत**

सस्तो बजारको सकारात्मक समाधानको लागि अघिल्लो सम्झौताको समयावधि सकिनुपूर्वदेखि नै सस्तो बजारको व्यवस्थापन समितिको नामबाट व्यवसायीहरूले निगम केन्द्रीय कार्यालय, जिल्लास्थित सरोकारवाला सबै पक्षहरू एवम् राजनीतिक दलसमेतलाई ज्ञापन-पत्रको बोधार्थसमेत दिइएको थियो । जसको सकारात्मक पहललाई साथ दिंदै पोखरा महानगरपालिकाले निगमको केन्द्रीय कार्यालयलाई २०७२ फागुन ९ गते एक पत्रचारसमेत गरेको थियो । जसको पूर्ण ब्यहोरा माथिको पोखरा महानगरपालिकालगायतको भूमिकामा उल्लेख गरिएको छ । पछिल्लो समय पनि व्यवसायी एवम् ६ राजनीति दलको तर्फबाट समेत सबै निकायमा मौखिक एवम् लिखित ज्ञापन-पत्र बुझाउँदै समाधानको विकल्पहरू प्रस्तुत गर्दा राज्यले कुनै विशेष पहल नगरी एक्कासी दमन र निषेधको बाटो समात्नुले नेपालमा अब सर्वसाधारण जनताको राज्य नभएको खाली दलाल र विचौलियाहरू हावी हुन पुगेको बुझ्न सकिन्छ । जसको विरुद्ध जनताले दलाल संसदीय व्यवस्थाको बिदाइका निम्ति संघर्षमा जानुको अर्को विकल्प छैन ।

व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाणपत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा-बाबु उमेर आदिको वैधानिक प्रमाण हुने ।
- विद्यालय भर्ना हुनको लागि सजिलो पर्ने ।
- नागरिकताको प्रमाणपत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल-अचल सम्पति नामसारी गर्न सजिलो पर्ने ।
- पति-पत्नी बिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।

व्यक्तिगत घटना दर्ताका लागि समबन्धित वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक बडापत्र अध्ययन गरौ ।

जनकपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, जनकपुरधाम, प्रदेश नं.२, नेपाल

व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाणपत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा-बाबु उमेर आदिको वैधानिक प्रमाण हुने ।
- विद्यालय भर्ना हुनको लागि सजिलो पर्ने ।
- नागरिकताको प्रमाणपत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल-अचल सम्पति नामसारी गर्न सजिलो पर्ने ।
- पति-पत्नी बिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।

व्यक्तिगत घटना दर्ताका लागि समबन्धित वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक बडापत्र अध्ययन गरौ ।

प्रमुख एवंम कार्यकारी अधिकृत
मिथिला नगरपालिका
धनुषा, प्रदेश नं.२, नेपाल

# तीज पर्वलाई कसरी बुझ्ने ?



धीरेन्द्रा उपाध्याय 'भृकुटी'

राज्यसत्ताको जन्मसँगै धर्म, संस्कार र संस्कृतिको जन्म भएको मानिन्छ । कुन वर्गको हातमा राज्यसत्ता छ, त्यो वर्गले आफ्नो पक्षपोषणको निम्ति आधार र उपरिसंरचनाको निर्माण गरिरहेको हुन्छ। यतिबेला सन्दर्भ तीज विशेषको छ। भन्ने गरिन्छ, तीज हिन्दु नारीहरूको महान चाड हो तर सामन्ती पितृसत्ताले लादेको शोषणको एउटा रूप हो। यसले हिन्दू धार्मिक समुदायका महिलाहरूमा ठूलो असमानता ल्याइदिएको छ। महिलाहरूमा तीनखाले वर्ग देखिन्छ- एक, उच्च वर्ग, दुई, मध्यम वर्ग र तीन, आधारभूत वर्ग। यी समग्रमा एउटै उत्पीडनका सिकार भएका छन् । जनविरोधी आयातीत सांस्कृतिक दौडमा छन् । यथार्थताको पहिचान गर्ने कुरा धेरै टाढाको विषय बनेको छ। जसको चर्चा तल गर्न खोजिएको छ :

**तीजलाई कसरी बुझ्ने ?**

हिन्दूधर्ममा आधारित पौराणिक मान्यताअनुसार परापूर्वकालमा हिमालय पर्वतकी छोरी पार्वतीलाई इच्छा विपरीत बाबुआमाले विष्णुसँग विवाह गरिदिन खोज्दा पार्वतीले विद्रोह गरिन्। उनलाई साथीहरूले अनकण्टार जंगलमा लुकाए । पार्वतीले महादेव पति पाउँ भनी शिवको आकृति बनाई पूजा आराधना गरी तपस्या गरेकी थिइन्। पछि शिव प्रकट भई तथास्तु भनी वरदान दिए भन्ने पौराणिक कथन छ। धार्मिक मान्यताअनुसार तीन दिनसम्म पानी पनि नखाई निराहार व्रत बस्नुपर्ने, अविवाहित महिलाले राम्रो श्रीमान् पाऊँ भन्ने र विवाहितले श्रीमान्को दीर्घायुको लागि व्रत बस्नुपर्ने चलन छ। सामन्ती पितृसत्ताले महिलालाई आफ्नो मालिक आफैं बन्न नदिने, उसलाई दासमा परिणत गरिरहने शोषणको चरम रूप तीज हो।

पहिला-पहिला महिलाहरू दुःखसुःख आदान-प्रदान गर्ने, भावना साटासाट गर्ने, आफन्तसँग भेटघाट गर्ने माध्यम तीज बन्दथ्यो । त्यतिबेला कृषिमा आधारित अर्थतन्त्र थियो । महिलाहरूलाई श्रमले फुर्सद नै हुँदैनथ्यो। जब व्यापारमा आधारित अर्थतन्त्रको विकास भयो । बजारको प्रतिस्पर्धा हुन थाल्यो। नेपाली युवाहरू रोजगारीका लागि विदेश जान थाले । गाउँमा उत्पादक शक्तिमा ह्रास आउन थाल्यो । शिक्षा र स्वास्थ्यको सुविधाले बासस्थान सहरमा हुन थाल्यो । विज्ञान र प्रविधिको विकास भयो । त्यसप्रकारको परिवर्तनले तीजसहित सांस्कृतिक पर्वहरूमा पनि पुँजीवादी सांस्कृतिक विशेषताहरू प्रकट हुन थाले । विज्ञान र प्रविधिको सदुपयोग गर्नेको लागि वरदान बन्यो, दुरुपयोग गर्नेको लागि अभिशाप हुन पुग्यो। रूपमा हेर्दा तीज नारी स्वतन्त्रता जस्तो देखिन्छ। सारमा उत्तर-आधुनिकतावादी संस्कृतिको रमझमले तीज विकृतितिर जान थाल्यो। नेपाली महिलाहरूमा तीन वटा वर्ग देखिन थाल्यो।

**उच्च वर्ग** : जसले फेसन सो गरेर एक महिनादेखि पार्टी प्यालेस र होटलहरू बुकिङ गरेर हवीस्की, वियर, वाइन, पिएर स्वातन्त्रताको नाममा अराजकतातिर गएका छन्।

**मध्यम वर्ग**: यो वर्गका महिलाहरू आफ्नो कामकाजको बीचबाट पनि उच्च वर्गका महिलाहरूको प्रभावबाट अछुतो छैनन्।

**निम्न वर्ग**: यो वर्गका महिलाहरू दसनङ्ग्रा खियाएर साँझबिहान हातमुख जोड्ने स्थिति हुँदैन । यिनका लागि तीजको रमझम ' आकाशको फल, आँखा तरी मर' जस्तै भएको छ।

यी तीनवटै महिलाहरूको लागि तीज पर्व रूपमा स्वतन्त्रता जस्तो देखिए पनि सारमा पितृसत्ताले लादेको उत्पीडनको रूप हो। एकजना व्यक्तिको लागि पानी नखाई व्रत बस्नुपर्ने, बिहान श्रीमान्को खुट्टा धोएर पानी खानुपर्ने, तीन दिनसम्म भोकै बस्नुपर्ने यो स्वास्थ्य विज्ञानका हिसाबले पनि राम्रो हुँदैन। फेरि पनि महिलाहरूलाई दासताको जञ्जिरबाट मुक्त हुन नदिने खेल हो। यसर्थ, महिलाहरूले पनि समाजमा प्रचलित रुढीवादी अन्धविश्वास, कुरीति, कुसंस्कारका विरुद्ध धावा बोल्दै, अदृष्य र अलौकिक शक्तिको भ्रमबाट मुक्त हुँदै, प्रगतिशील संस्कार र संस्कृतिको मान्यतालाई आत्मसात गर्नुपर्ने आजको आवश्यकता बनेको छ।

**क्रान्तिकारी पक्षधरको दायित्व**

समाजमा भएको अन्याय, अत्याचार र असमानताका विरुद्ध न्याय, समानता र स्वतन्त्रता प्राप्तिका लागि नेपाली महिलाले प्राचीनकालदेखि नै त्याग तपस्या र बलिदानका असंख्य कीर्तिमानहरू कायम गर्दै आएको कुरा सर्वविदितै छ। विशेषतः दसबर्से जनयुद्धमा पुस्तौंदेखि जकडिएका कुरीति, कुसंस्कारका विरुद्ध धावा बोल्दै आम महिलाहरूलाई न्यायको पक्षमा उभ्याउन सफल बन्यो । देशैभरि २ हजार ५ सय महिलाहरूले बलिदान, हजारौंको संख्यामा अंगभंग-अपाङ्ग भए । जेलनेल र यातनाको कुनै पर्वाह भएन। पार्टी सेना र जनसत्तामा ४० प्रतिशत सहभागिता रह्यो। विश्वलाई नै चकित पार्ने ढंगले जनमुक्ति सेनामा महिलाको सहभागिता उल्लेख्य रह्यो । 'वर्गीय राज्यसत्ताबाहेक सबथोक भ्रम हो' भन्ने कुरा नेपाली आन्दोलनमा पुष्टि भयो । उत्पीडित वर्गले आफ्नो हातमा राज्यसत्ता लिन नसक्दा, नेतृत्वमा वर्गीय दृष्टिकोणमा विचलन पैदा हुँदा, क्रान्ति प्रतिक्रान्तिमा बदलिंदा जनयुद्धले जन्माएका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक उपलब्धिहरू धरापमा पर्न पुगे । यसको सबैभन्दा ठूलो मार महिलाहरूमा पऱ्यो। महिलाहरू फेरि चुलोचौकोमा पुनर्वहाली हुन पुगे। यो नेपाली समाजको तीतो यथार्थ हो।



**निष्कर्ष**

इतिहासमा भएका क्रान्ति र प्रतिक्रान्तिबाट शिक्षा लिंदै मुक्ति र परिवर्तनका खातिर नेपाली महिला मुक्ति आन्दोलनका पक्षधर महिलाहरूले वर्गीय राज्यसत्ता प्राप्तिलाई पहिलो र मुख्य प्रश्न बनाउनुपर्छ। अन्य आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमा विशेष अधिकारसहित समानता र स्वतन्त्रता प्राप्तिका लागि विद्यमान संसदीय राज्य व्यवस्थाको अन्त्य गर्दै जनवाद हुँदै वैज्ञानिक समाजवाद स्थापनाका लागि निरन्तर क्रान्तिको सिद्धान्तलाई आत्मसात गर्नुपर्ने आजको आवश्यकता बनेको छ । जहाँसम्म संस्कार र संस्कृतिको कुरा छ, यो राज्यसत्ताको एउटा अंश हो । समग्रमा कुन वर्गीय दृष्टिकोणको आधारमा राज्यसत्ता संचालित छ भन्ने कुरा नै महत्वपूर्ण कुरा हो। त्यसैले राज्यसत्ताको प्रश्न हल नगरी संस्कार र संस्कृतिको प्रश्न पनि हल हुन सक्दैन । एक्काइसौं सताब्दीका क्रान्तिकारी महिलाहरूको काँधमा महत्वपूर्ण जिम्मेवारी थपिएको छ। संघर्षद्वारा राज्यसत्ता प्राप्त गर्ने, राज्यसत्ताको रक्षा गर्ने र राज्यसत्ता संचालन गर्ने साथै आम महिलाहरूलाई मुक्ति र परिवर्तनको अहम् दायित्वबोध हुने गरी अगाडि बढ्नुपर्ने आजको आवश्यकता बनेको छ।

# तीज पर्व र महिला अधिकार



अम्बिका पाठक

महिलाहरूले मात्र मनाउने चाडहरूमध्ये हिन्दू समाजमा तीज पर्व एउटा प्रमुख पर्व हो। थारु समुदायसहित तराईमा भने जितिया पर्व मनाइन्छ। तीज भदौ ८ गते र जितिया भदौ २८ गते पर्दछ। तीज भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म चार दिन मनाइन्छ । तीजमा भगवान शिवको आरधना गरिन्छ भने विवाहित महिलाले शिवस्वरूप पतिको पुजा गर्छन् । अविवाहित महिलाले अपेक्षानुसारको पति पाउँ भनी आरधना गर्छन् । यी पर्वहरू हिन्दू धार्मिक देशहरू नेपाल, भुटान, भारत, बर्मासहित हिन्दू धार्मिक समुदायमा मनाइन्छ।

पौराणिक ग्रन्थहरूमा तीजको त्यति धेरै उल्लेख भएको पाइन्न। पौराणिक कथाअनुसार हिमालय पर्वतकी छोरी पार्वती शिवसँग विवाह गर्न चाहन्थिन् तर उनको विवाह आर्यमूलका विष्णुसँग गराउन खोजेपछि संगिनीहरूको सहयोगमा विद्रोह गरिन् । महादेव अनार्य (मंगोल) समुदायका थिए । अन्तरजातीय प्रेम विवाह भएको त्यही विद्रोहलाई तीज पर्वका रूपमा मनाउने चलन चल्यो। उसबेला त्यो कदम प्रगतिशील र प्रेरणाप्रद थियो होला । समयक्रममा त्यसलाई पुरुषवादी स्वार्थअनुसार ढालियो । तीज पर्वमा महिला उत्पीडन झन् बढाउने संस्कारहरू थपिए।

तीज पर्वमा आज धेरै फरक दृश्यहरू देखिन थालेका छन् । हिजो गाउँघर, चोक, चौतारी, पिंढी-आँगनमा सीमित हुने तीज पर्व आज टेलिभिजन, रेडियो, चलचित्रमा विस्तार भएको छ। होटल, भोजनगृहहरूमा ठूलो खर्च गरिन्छ। भड्किला पहिरन, गहना, अर्धनग्न उठबस, मदिरा सेवन र अमर्यादित गीत-सङ्गीत चल्छन्। परिवारका सबै सदस्य एकै ठाउँमा बसेर हेर्ने, सुन्ने अवस्था हुँदैन। तीजलाई व्यापारीहरूले (सञ्चार व्यापारीसमेतले) महिलालाई भँड्काएर, अस्वस्थ प्रतिस्पर्धा गराएर सामान बेच्ने अवसरका रूपमा लिएका छन्। हामीलाई स्वतन्त्र भएको जस्तो लाग्ला तर बजारले हामीलाई उपयोग गरिरहेको हुन्छ।

कर्तव्य र भूमिका दानवको जस्तो भएद पनि पुरुषलाई पूजा गर्न सिकाइन्छ तर पुरुषले कहिल्यै महिलाको पूजा-आरधना गर्नुपर्दैन । 'एक रथका दुई पाङ्ग्रा' भन्ने समानताको कुरा गर्ने तर सधैं महिलालाई दासी ठान्ने र पुरुषलाई देवता ठान्ने महिला विरोधी पर्वको रूपमा तीज पर्व रहेको छ । चुरा, पोते, सिन्दुर सबै पुरुषको लागि महिलाले भिर्नुपर्ने, महिलाका लागि भने पुरुषले केही पनि गर्नु नपर्ने ? त्यसकारण तीज पर्वको विषयमा नयाँ ढंगले सोच्न आवश्यक छ।

समाजमा शासक वर्गले वर्षभरि दमन गर्छन्। विद्रोह नहोस भनेर एक दिन नाच्न, गाउन र रिस फेर्न वा आक्रोश पोख्न दिन्छन् । थारु समुदायले फगुवा पर्वमा मालिक र मुखियाको विरुद्ध बोलेझैं महिलाले सासु, ससुरा, सौता, श्रीमान् आदिलाई गाली गर्दै गाउने, नाच्ने, रुने अनि वर्षभरि दासी बनेर जोतिने, फेरि तीज पर्खने गर्दागर्दै हजारौं वर्ष बितेका छन् । विद्रोह रोक्ने उद्देश्यले त्यसो गरिएको हुन सक्छ । आज त्यसप्रकारको रुढीवादी महिला विरोधी शोषणमा उच्छृङ्खलता, यौनकुण्ठा र बजारको स्वार्थ अगाडि आएको छ।

स्वास्थ्य विज्ञानका दृष्टिले पनि तीज पर्व अवैज्ञानिक, रुढीवादी र हाँसो उठ्दो छ। हरेक दिन नुहाउनु स्वास्थ्यका दृष्टिले राम्रो कुरा हो तर तीजमा एकै दिन ३६५ पटक डुबुल्की मारेर वर्षभरि सफा भइन्छ र! अझ आजका नदीहरू पौराणिककालका जस्ता सफा भए त हुन्थ्यो ! हरेक दिन दन्त मञ्जन आवश्यक छ तर एकदिन ३६५ वटा दत्तिवन टोकेर दाँत सफा हुन्छ र ? यस्तो उट्पट्याङ कुरा परम्परा भन्दै दौडिंदै गर्ने हामी कसरी सचेत नागरिक हुन सकौंला।

तीजको भँड्किलोपनका कारण गरिब, मजदुर र कम आय भएका नागरिकलाई मानमर्दन हुँदै आएको छ । भँड्किलो चाडपर्व मनाउन, प्रतिस्पर्धा गर्न सबै सक्दैनन्। त्यसले गर्दा धनी र गरिबको मनोवैज्ञानिक दूरी झन बढेर गएको छ । शान्तिपूर्ण समाजको लागि यस्तो अवस्था बाधक हुन्छ।

पौराणिककालदेखि आधुनिक कालसम्म जनताको पक्षबाट थुप्रै बलिदान र विद्रोह भएका छन् । घण्टाकर्ण पर्व, महिला दिवस (८ मार्च), मजदुर दिवस (मई १) यस्ता पर्वहरूलाई शोषकवर्गले आफ्नो हितमा प्रयोग गर्दै, विकृत बनाउँदै आएको छ। तीज पर्व कसरी चल्यो ? मिथक मात्रै हो कि वैज्ञानिक पक्ष पनि छ ? त्यस विषयमा यथार्थ के हो भन्न सकिने अवस्था छैन।

तर हरेक जनपक्षीय विषयलाई शोषकवर्गले आफ्नो हितमा मोड्ने गरेको छ। तीजका विषयमा पनि त्यस्तै भएको छ तर हामीले त्यसलाई सही ढंगले बुझ्न सकेका छैनौं । हामी पनि रुढीवादी र पुँजीवादी हावाअनुसार चलिरहेका छौं । यसवर्ष त तराईमा गएको बाढी र पहाडमा पहिरोले धेरैको उठिबास भएको अवस्था छ । परिवारको विछोड भएको छ । चुलो निभेको छ । नाङ्गो आकासमुनि दिन कटाउन बाध्य छन् । यस्तो राष्ट्रिय विपत्तिमा नाचगान, भोजभतेर र तामझाम हाम्रै अर्को भेगका दिदीबहिनीका लागि पीडामाथि पीडा थपे सरह त हुँदैन ? यिनै चिन्ता, चासो, प्रश्न र पीडाका साथ विश्वभरिका दिदी-बहिनीप्रति तीजको अवसरमा हार्दिक शुभकामना !

## बाढी र डोक्लामको ...

पानी उपयोगसम्बन्धी समझदारी भइसकेको छैन । महाकाली पूरै नेपालको भएको तथ्य कसैबाट लुकेको छैन तर भारतले एक्लै महाकाली कब्जा गर्न चाहन्छ। नेकपा (एमाले) सहित कतिपय शक्तिहरूले महाकाली नदीमा नेपाल र भारतको आधा-आधा हक भएको जिकिर गरेका छन् । तसर्थ, महाकालीको पानीको बाँडफाँड टुङ्ग्याएर मात्र पञ्चेश्वर परियोजनाको अन्तिम सहमति हुन सक्छ । अन्यथा महाकाली नदीको नेपालको दावीलाई भारतले पञ्चेश्वर परियोजनामार्फत् निस्क्रिय पार्न चाहिरहेको छ। नेपाली भ्रमण टोलीले भारतसमक्ष आफ्नो प्राथमिकता के हो ? नागरिकको अपेक्षा के हो ? भारतबाट चाहेको के हो ? किन आफ्नो कुरा खुलस्त भन्नै सक्दैनन् । दिल्लीपरस्त वा दिल्लीका कुटनीतिक कर्मचारीसमक्ष लघुताभास गर्ने कर्मचारीले तयार गरेको सहमतिपत्रमा हस्ताक्षर गरेर फर्कने परम्परा गणतन्त्रपछि पनि यथावत् छ। शासकहरूमा लघुताभास र दिशाहीनताको अन्त्य नभएसम्म समस्याको समाधान सम्भव छैन। नेपालले आत्मनिर्भर अर्थतन्त्र निर्माणको योजना बनाउनु, त्यसमा राष्ट्रिय सहमति कायम गर्नु र भारत-चीन दुवैलाई त्यसमा सहयोग गर्न भन्न सक्ने अवस्था शासकहरूमा देखिएको छैन । कुर्सी र व्यक्तिगत स्वार्थकेन्द्रित मनोविज्ञानले ग्रस्त नेतृत्वबाट समस्याको निकास सम्भव छैन। २००७ सालको परिवर्तनलगत्तै भारतले अमेरिका र बेलायतबाहेक अन्यत्र दुतावास नखोल्न दबाब दिएको थियो। उसको संकेत मूलतः चीन र पाकिस्तानमा दुतावास नखोलियोस् भन्ने थियो तर भारतले दुतावास खोल्नबाट रोक्न त सकेन तर नेपालको राजनीतिक, आर्थिक चाबी भने भारतकै हातमा छ। दिल्लीको बाचा पूरा गर्न, बाचा-बन्धन गर्न मात्र देउवाको भ्रमण सीमित हुने हो कि भन्ने आशंका सर्वत्र छाएको छ । डोक्लाम तनावमा तटस्थता र भारतीय संरचना कारक बाढी समस्या समाधान गर्न प्रम देउवाले भ्रमण केन्द्रित गर्न आवश्यक छ । अन्यथा देउवा कलंकको भागीदार हुनेछन्। त्यसको परिणाम देउवा मात्र नभएर कांग्रेस-माके गठबन्धन नै हुनेछ। यसैबीच मंगलबार अपरान्ह नेकपा (मसाल) को कार्यालय बागबजारमा नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपासहित १५ दलको बैठकले प्रम देउवालाई राष्ट्रियता र जनतन्त्र सम्बन्धी १५ बुँदे स्मरणपत्र बुझाएको छ।

## क्रान्तिको बाटो ...

अवसरमा नेकपा रामेछापले मन्थलीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि काकाले क्रान्तिको बाटो नछोडीकन अघि बढेकाले देश र जनताको मुक्ति नजिकिएको पनि बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी क्रान्तिको बाटो छाड्दैनौं । यही बाटोले जनता र देशलाई मुक्ति दिलाउँछ।'

काकाले दोरम्बा हत्याकाण्डमा बलिदान गर्ने २१ जनासहित जनयुद्ध र विभिन्न जनआन्दोलनहरूमा सहादत प्राप्त गर्ने वीरवीराङ्गनाहरूको त्याग, शौर्य र रगतले आफूलाई आजीवन क्रान्तिकारी बनिरहन प्रेरणा र ऊर्जा दिइरहेको बताउनुभयो । उहाँले दोरम्बामा बलिदान गर्ने र जनयुद्धका विभिन्न मोर्चाहरूमा सहादत प्राप्त गर्नेहरूका परिवारलाई दोसल्ला ओढाएर अभिनन्दन पनि गर्नुभयो । सहिद परिवारसँग क्रान्तिप्रति प्रतिबद्धता व्यक्त गर्दै काकाले आफूहरूले प्रचण्ड-बाबुरामहरूले झैं गद्दारी गरे गोली हान्न पनि चुनौती दिनुभयो।

चुनौतीपूर्ण दिनहरू आरम्भ भएको भन्दै प्रमुख अतिथि काकाले क्रान्तिकारीहरूले फेरि जनतासँगै क्रान्तिमा हेलिनुपर्ने दिन आएको बताउनुभयो । जनतालाई अपिल गर्दै काकाले भन्नुभयो, 'हामी फेरि तपाईंहरूको घरमा आएका छौं । दुस्मनसँग लडेर राज्यसत्ता कब्जा गर्ने भीषण दिनहरूमा हामीलाई हिजोझैं गाँस र बास दिनुस् । हामी देश र जनता मुक्त नभएसम्म क्रान्ति छोड्दैनौं।'

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा पार्टी पूर्वी ताम्सालिङ ब्युरोका इन्चार्ज बाबुराम गजमेरले आज 'जय नेपाल' भन्दै कांग्रेसको पुच्छुरमुनि मुन्टो लुकाउने प्रचण्डहरूलाई जनयुद्धका नेता भन्नुपरेकोमा अप्ठ्यारो महसुस भएको बताउनुभयो।

## रामवृक्षको स्मृति ...

नजाने भए। त्यसपछि कृष्णबहादुर महरा जाने प्रचार गरिएको थियो । अन्ततः महरा पनि नजाने खबर भएपछि जनमासको उपस्थिति झनै घट्ने निश्चित भयो । त्यसबाट चिड्चिडाहट भएका मातृका यादवले 'भालुको रिस खनियाँमाथि' भनेझैं नेकपाका नेताहरूमाथि आक्रमणमा उत्रिए। नारायणकाजी गुटका नेताहरू धनुषामा कार्यकारी हुनु, उनीहरूसँगै सहमति हुनुका कारण पनि मातृका गुट आक्रोशित थियो । प्रचण्डको गुट संघर्षमा शक्ति प्रदर्शन गर्ने उद्देश्यले पनि पार्टीका नेताहरूले गरेको सहमति उल्टाउन मातृका, महादेव गुट उद्यत भएको देखिन्छ। सहिद स्मृति दिवस मनाउने सामान्य कार्यक्रमसमेत प्रहरीको आडमा भाँड्ने सरकारी हर्कतलाई नेकपाले गम्भीरतापूर्वक लिएको प्रकाण्डद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

# भेनेजुयलामा अमेरिकी उद्दण्डता



करनसिंह बडाल

सन् २०१६ अप्रिल २५ मा रियल स्टेटका कारोबारी तथा सम्भावित रिपब्लिकन पार्टीका अमेरिकी राष्ट्रपतिका उम्मेदवार डोनाल्ड ट्रम्पले दक्षिणी अमेरिकी क्षेत्र अर्थात् मेक्सीको सीमामा ५० मिटरको पर्खाल निर्माण गर्ने घोषणा गरे। त्यस्तै सन् २०१६ नोभेम्बर ८ मा विश्वकै खर्बपतिमा स्थान बनाउन सफल घरजग्गा कारोबारी समग्रमा भन्दुपर्दा दलाल पुँजीपति डोनाल्ड ट्रम्पले डेमोक्रेटिक पार्टीको उम्मेदवार (राष्ट्रपति) हिलारी क्लिन्टनलाई परास्त गरे। यहीवर्ष अर्थात सन् २०१७ मे २३ तारिखमा ट्रम्पले अर्को विवादस्पद तथा उत्तेजनापूर्ण अभिव्यक्ति दिए। त्यो थियो, उत्तरकोरियामाथि अमेरिकाले आणविक तथा सैन्य हमला गर्ने। त्यस्तै ट्रम्पले अर्को अर्थहीन अभिव्यक्ति दिएका छन्, यही अगस्ट ९ तारिखका दिन ल्याटिन अमेरिकी देश भेनेजुयलामाथि सैन्य आक्रमण गर्ने चेतावनी दिए। माथिका सबै घटना जसले विश्वभरी सनूसनी फैलाए। ट्रम्पका अभिव्यक्ति सधैं विवादित र खोक्रा हुने गरेका छन्। हुन त दलाल पुँजीपति चरित्र ट्रम्पका प्रत्येक अभिव्यक्तिमा प्रष्ट देखिन्छ। संसारमा सनूसनी फैलाउने ट्रम्पका माथिका भनाइहरू क्रमबद्ध रूपमा देखापर्नु दलाल पुँजीवादमा आएको संकटको उपज हो। अमेरिका तथा युरोपको बजारमा आएको सन् २००८ को महासंकटका अवशेषहरू अझै बाँकी नै छन्। त्यो संकट कहिलेकाहीँ कतै पश्चिमा पुँजी बजारमा देखापर्ने जस्तो देखिन्छ, तब तब दलाल पुँजीपतिहरू आफ्नो संकट टार्न (ढाकछोप गर्न) अफवाहको साहरा लिने गर्दछन्। यो आरोप मात्र होइन यथार्थ हो। जर्मनीमा वित्तीय संकट पर्दा शरणार्थी समस्याको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय चर्चा हुने गर्दछ। अमेरिकामा बेरोजगारी बढेपछि ट्रम्पले त्यसबाट बच्न भन्दै अमेरिका-मेक्सिको क्षेत्रमा पर्खाल लगाउने घोषणा गरेकोबाहेक अरू केही होइन। यो दलाल पुँजीवादको प्रवृत्ति नै हो भन्दा फरक नपर्ला। राजनीतिक अर्थशास्त्रमा दलाल पुँजीवादको अर्थ अनुत्पादक क्षेत्रमा संकेन्द्रीकरण गरेको पुँजी वा पुनउत्पादन गर्न नसक्ने पुँजी हो। अमेरिकाको पुँजीको प्रकृति दलाल पुँजी हो। अन्तर ष्ट्रिय मुद्राकोष, विश्व बैंक, हतियारको व्यापार, वित्तीय पुँजीमा अमेरिकी अर्थतन्त्र टिकेको छ।

आफ्नो क्षेत्रमा आएको आर्थिक संकट टार्न अमेरिकाले युद्धको सहारा लिने गरेको छ। हालका राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रत्येक राजनीतिक निर्णय विगतको अमेरिकी शासकहरूको विरासतको निरन्तरताबाहेक अरू केही होइन। ट्रम्पले मात्र होइन सन् १९४५ यता सबै अमेरिकी राष्ट्र प्रमुखहरूले कमजोर राष्ट्रमाथि थिचोमिचो गर्दै आएका छन्। अमेरिकाले निरन्तर राजनीतिक, आर्थिक, सांस्कृतिक हस्तक्षेप विश्वभरि फैलाउँदै आएको छ। अमेरिकी हस्तक्षेपका बाबजुद आफ्नो स्वाभिमानलाई बचाउन सफल ल्याटिन अमेरिकी देशभित्र भेनेजुयला पनि एक हो। भेनेजुयलाको आर्थिक समृद्धिबाट त्रसित ट्रम्पले सो देशको आन्तरिक मामिलामा विशेषगरी हयुगो चावेजको मृत्युपछि नेतृत्वको सापेक्षित कमजोरीको फाइदा उठाएर आफ्नो कठपुतली खडा गरेर प्रचुर प्राकृतिक स्रोत तथा साधन कब्जा गर्न खोजिरहेको छ। त्यसो त अमेरिकाको भेजेजुयलासँग उतार-चढावपूर्ण सम्बन्ध रहँदै आएको छ।

भेनेजुयला ल्याटिन अमेरिकी देश हो। त्यसको दक्षिण ब्राजिल, पश्चिममा कोलम्बिया रहेको छ। यो देश प्रचुर मात्रामा प्राकृतिक स्रोत तथा साधनले भरि पूर्ण रहेकोले यो देशको स्रोत साधनमाथि पोर्चुगल, जर्मनी, इटालीदेखि हाल आएर साम्राज्यवादी देश अमेरिकाले आँखा गाडिरहेको छ। सन् १५२२-१८११ सम्म पोर्चुगिज साम्राज्यवादले यो देशलाई उपनिवेश बनायो। सन् १८२१ मा सो देशको भूगोल स्वतन्त्र जस्तो देखिए पनि सन् १८३० मा मात्र पूर्ण स्वतन्त्रता पायो। सन् १९५८ मा प्रजातान्त्रिक सरकार बन्यो र आधुनिक भेनेजुयलाको आधार बन्यो।

दोश्रो विश्वयुद्धपछि शित युद्धको समयमा समाजवादी धारको प्रभाव रोक्न पुँजीवादले हायेक, फ्रिडम्यान र किन्स जस्ता पात्रहरूका धारणा अवलम्बन मात्र गरेन। समाजवादी अर्थतन्त्रका सकारात्मक पक्षको चोरीसमेत गऱ्यो। त्यतिले मात्र नपुग्ने भएपछि बहुराष्ट्रिय निगम तथा गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय गैसका अवधारणा ल्याए पुँजीवादीहरूले। त्यस्तै पुँजीवादीहरूले आफ्नो प्रभावलाई कसिलो पार्न ७० को दशकमा सुरु गरी अर्थात् ८० को दशकमा विश्वभरि बहुराष्ट्रिय निगम (विश्व बैंक र विश्व मुद्राकोषले) संरचनागत समायोजन कार्यक्रम अगाडि सारे। संरचनगत समायोजन कार्यक्रमले तेस्रो विश्वका देशको अर्थतन्त्र र पुर्ण रूपले कब्जामा लिई ध्वस्त पार्न सफल भए। संरचनागत समायोजन कार्यक्रमले ल्याटिन अमेरिकी तथा दक्षिण अमेरिकी देश कोलोम्बिया, भेनेजुयला, ब्राजिल जस्ता देशको अर्थतन्त्रमा ठूलो मन्दी देखाप्यो। अन्तर्राष्ट्रिय मुद्राकोषले अगाडि बढाएको नवउदारवादी अर्थतन्त्रको अवधारणाको कारण नै भेनेजुयलामा सन् १९८०-१९९५ सम्म ६६ प्रतिशत गरिबी बढ्न पुगेको थियो। २०४६ पछि नवउदारवादको प्रवेश नेपालमा भित्रिएपछि राज्यको स्वामित्वका उद्योग सबै टाट पल्टिए। त्यसैगरी ल्याटिन अमेरिकाको अर्थतन्त्र नवउदारवादी अर्थ नीतिले भेनेजुयलालगायतका अन्य देशको अर्थतन्त्र गर्ल्यामगुर्लुम जग भत्किएको पर्खालजस्तै भत्काइएको थियो। भेनेजुयलामा पुँजीवादी संकट आएपछि जनता वैकल्पिक व्यवस्थाको खोजी गर्न थाले। त्यसैकारण सन् १९८२ मा बोलिभियन क्रान्तिकारी आन्दोलन २०० को प्रयास भयो। परन्तु, त्यो सफल हुन सकेन। सन् १९८९ र १९९२ मा पनि सत्ता कब्जाको प्रयास भयो। नवउदारवादको विकल्पमा नयाँ अर्थव्यवस्था स्थापना गर्न हयुगो चावेजले भेनेजुयलामा महत्वपूर्ण योगदान गरे। सन् १९८० बाट भेनेजुयलामा अमेरिकी कम्पनी तथा उत्पादनले आफ्नो प्रभाव बढाइसकेको अवस्थामा सन् १९८९ सम्म आइपुग्दा भेनेजुयला ठूलो संकटमा थियो तर प्रथम निर्वाचित राष्ट्रपतिका रूपमा हयुगो चावेज आए। उनी क्रान्तिकारी नेता चेग्वेभाराबाट प्रभावित थिए। त्यस्तै सन् २००० मा अमेरिकी नियन्त्रणमा रहेको तेल खानी मुक्त गराए। सबै अमेरिकी तेल कम्पनीलाई सरकारीकरण गरे। त्यसपछि अमेरिका भेनेजुयला सम्बन्ध चिसिँदै गयो। तेलको कम्पनी सरकारीकरण गरेपछि भेनेजुयलाको अर्थतन्त्रमा नाटकीय रूपमा सुधार आयो। करमा निकै वृद्धि भयो। चावेजले निजीकरणलाई निषेध गरेको भन्दै अमेरिका झन् आगो भयो। चावेजको अर्थनीतिले अमेरिकाले आफूलाई दुईवटा ठूला चुनौती थपेको महसुस गऱ्यो। पहिलो, पुँजीवादलाई भेनेजुयलाले वैचारिक टक्कर दिएको ठान्यो। दोस्रो, भेनेजुयलाको समृद्धि आफ्नो प्रतिकूल हुने आँकलन गऱ्यो किनकि हयुगो चावेजले एकातर्फ अमेरिकाले करिब १९८५ देखि नाकाबन्दी (आर्थिक) गरेको देश क्युबा र सो देशका नायक फिडेल क्यास्ट्रोसँग सम्बन्ध अघि बढाएका थिए भने अर्कातर्फ तेल उत्पादक देशहरूसँगको सम्बन्ध सुधारेका थिए। हयुगो चावेजले सन् २००० मा अमेरिकी साम्राज्यवादी नीतिका विरुद्ध र आफ्नो देश इराकको तेल तथा कोइलामा अमेरिकाले हस्तक्षेप गर्न खोज्दा अवरोध ठानिएका इराकी धार्मिक नेता सद्दाम हुसेनलाई भेटेका थिए।

अर्कातिर भेनेजुयलाले शिक्षा, स्वास्थ्य, रोजगारी, पेन्सन र खानेपानीमा ठूलो लगानी गऱ्यो। त्यसपछि अमेरिका र सो देशका राष्ट्रपति जर्ज डब्लुबुस झन् चिढिए। हुँदाहुँदै बुस र चावेजको व्यक्तिगत सम्बन्ध पनि बिग्रिँदै गयो। सन् २००० मा वासिङ्टनले हयुगो चावेजको सरकार ढाल्न एउटा गोप्य योजना बनाएको सिआईए प्रतिवेदन बाहिर चुहिएको थियो। सो प्रतिवेदनमा भनिएको थियो कि चावेज सरकार फाल्न अप्रिल पहिले सैन्य कु योजना बनेको थियो तर त्यो असफल भयो। त्यसो त चावेजले आफू राष्ट्रपति बनेको एक महिनादेखि अहिले (सन् २००२) सम्म पनि अमेरिकाले बर्खास्त गर्न प्रयास गरिरहेको बताएका थिए।



सन् १९९८ देखि २००८ सम्म हयुगो चावेजले भेनेजुयलालाई आर्थिक रूपमा कायापलट गरि देखाए। चावेज राष्ट्रपति निर्वाचित हुनअघि भेनेजुयला संकटपूर्ण स्थितिमा थियो। सो समय ४५ प्रतिशत गरिबी रहेको भेनेजुयला सन् २००८ मा आउँदा गरिबी झरेर २५ प्रतिशत मात्र बाँकी रहेको थियो। डाटोस प्रतिवेदनअनुसार हयुगो चावेजको कार्यकालमा १३७ प्रतिशत आर्थिक वृद्धि (सन् २००३ देखि २००८ सम्ममा) बढेको थियो। हाल आएर सो देशको प्रतिव्यक्ति आ १५,६०० अमेरिकी डलर पुगेको छ। हयुगो चावेज एक दृढ तथा दीर्घकालीन रूपले समस्याको समाधान गर्न सक्ने कुशल नेतृत्व थिए। चावेजको समाजवादी नीतिबाट अमेरिकी शास्त्रीय सिद्धान्तका व्याख्याकारहरू त्रसित बनेका थिए। चावेजले कहिल्यै पनि अमेरिकी साम्राज्यवादका अगाडि घुँडा टेकेनन् र आफ्नो देशलाई स्वाभिमान बनाइछाडे तर चावेज विरुद्ध सिआईए तथा कथित मानवअधिकारीहरू निरन्तर हमला गर्न खोजे पनि कहिल्यै सफल हुन सकेनन्। चावेज अमेरिकी साम्राज्यवादी नीतिका कट्टर विरोधी थिए। उनले संयुक्त राष्ट्र संघको जनरल एसेम्बलीमा जर्ज डब्लु बुसले बोलेको माइक अशुद्ध भएको भनेका थिए। त्यसैक्रममा उनले अगाडि भनेको थिए- जर्ज डब्लु बुसले सुकिलाहरूको प्रजातन्त्रलाई बढवा दिएको र बमको प्रजातन्त्र चलाउँदै आएको र त्यसलाई प्रश्रय दिएको बताएका थिए।

सन् २०११ मा ल्याटिन अमेरिकाका महान् तथा समाजवादी नेता हयुगो चावेजलाई क्यान्सरले आक्रमण गऱ्यो। श्रमजीवी जनताका पक्षमा लड्दा लड्दै सन २०१३ मार्च ५ मा दिवङ्गत भए उनी। चावेजको उत्तराधिकारीको रूपमा निकोलस माडुरो आए। उनी सत्तामा आएपछि साम्राज्यवादी अमेरिका झन् आक्रामक भएर अगाडि आयो। प्रत्यक्ष रूपमा देखिने गरी भेनेजुयलाको राजनीतिमा अनावश्यकरूपले हस्तक्षेप गर्न खोजेपनि अहिलेसम्म अमेरिकी साम्राज्यवाद सफल नभए पनि क्यास्ट्रोको निधनपछि निकै सक्रिय भएको पछिल्ला भेनेजुयलाका राजनीतिक घटनाक्रमले बताउँछन्। सबभन्दा पछिल्लो (अगस्त २०१७) निर्वाचनमा अमेरिकी साम्राज्यवादीको कठपुतली दक्षिणपन्थी राजनीतिक दलले निर्वाचनमा हुलदंगा गर्दा करिब १०० बढिको मृत्यु भएको थियो तर निर्वाचन उच्च बहुमतले विजयी भएको भेनेजुयलाका संचारमाध्यमले जनाएका थिए। निकोलस माडुरो पछि नहटेपछि ट्रम्प प्रशासन रेविजले ग्रस्त स्याल बन्न पुगेको छ। यसमा मुख्यरूपले सन्की राष्ट्रपति ट्रम्प अगाडि देखिएका छन्। उनले मंगलबार अवैधानिक रूपमा भेनेजुयलाको टापुमा आफ्ना सैन्य एयरक्राफ्ट उतारेका छन्। यसअघि उनले भेनेजुयलामाथि सैन्य आक्रमणको चेतावनी दिएका थिए। उनको आक्रमण गर्ने धम्कीलाई भेनेजुयलाका रक्षमन्त्री भ्लामिदेर पाड्रिनोले ट्रम्पको पागलपन भनेका छन्। साथै, उनले अमेरिकाको सैन्य उक्साहट अवैधानिक रहेको, आफ्नो देशलाई बिना जानकारी नै सैन्य उपस्थिति जनाएका भन्दै ट्रम्पको कदमको भर्त्सना गरेका छन। त्यस्तै, न्युओर्क टाइम्स र डोनाल्ड ट्रम्पले भेनेजुयलाको तेलको बहिस्कार गर्नुपर्ने बताएका छन्। ट्रम्पको विवादास्पद धारणाको ल्याटिन अमेरिकी देश पेरुलेसमेत भर्त्सना गरेको छ।

**निष्कर्ष**

निकोलस माडुरोको सामु दुईवटा विकल्प हुनेछन्। पहिलो, हयुगो चावेजले जस्तै नडगमगाई अगाडि बढ्नु। दोस्रो, अमेरिकी साम्राज्यवादका अगाडि घुँडा टेक्नु। यसमा कुनै शंका छैन कि माडुरोको लागि पहिलो विकल्प नै अन्तिम र वस्तुवादी हुनेछ। त्यसका लागि ल्याटिन अमेरिका तथा आफ्नै देशभित्र भएका प्रगतिशील शक्ति र वामपन्थीसँग मोर्चाबन्दी र साम्राज्यवादको कडा प्रतिवाद गर्नु नै उचित निर्णय हुनेछ। सन् २००२ मा चावेजले अमेरिकालाई शिक्षा दिएजस्तै माडुरो सफल हुन्छन् या हुँदैनन्। निकोलस माडुरोको अग्निपरीक्षा हुन भने बाँकी नै छ। जसरी चावेजले भेनेजुयलाको अर्थतन्त्रलाई क्रान्तिकारी सुधार गरी अमेरिकी उत्पादनको बजारलाई स्वाधीन अर्थतन्त्रमा रूपान्तरण गरी अमेरिकी साम्राज्यवादलाई कडा टक्कर दिएका थिए। माडुरोले पनि त्यसलाई निरन्तरता दिन सक्नुपर्दछ। यसरी सरसर्ती हेर्दा ट्रम्पको उक्साहट कहिले कोरिया, कहिले इरान त कहिले भेनेजुयलामाथि सैन्य आक्रमण गर्ने कुराले अमेरिकाको शक्तिमा आएको क्षयीकरणको ज्वलन्त उदाहरण हो। समग्रमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलन तीव्ररूपमा बढिरहेको छ। आज ट्रम्पको अभिव्यक्तिले विश्व बहुध्रुवमा विभाजित भइसकेको प्रस्ट हुँदै आएको छ।




# चौध साल आसपासको भाषा विवाद


अनिल शर्मा

*राजविराजमा आयोजित हिन्दी भाषावालाहरूको बैठकमा काशीप्रसाद श्रीवास्तवले “तराई भाषा हिन्दी हो र तराईका अड्डा अदालतमा लेखापढी पनि हिन्दीमा हुनुपर्छ” भनेका थिए। उनले सरकारी निर्णयका विरुद्ध लड्न नागरिकलाई आह्वान गरे तर यो आवाज कसैले सुनेन।*

पूर्व प्रम तथा नेपाली कांग्रेसका नेता मातृकाप्रसाद कोइरालाले २०१३ जेठ ४ गते विराटनगरको सभामा “नेपालको राष्ट्रभाषा हिन्दी हिन्दी हुनुपर्छ। म मात्र यस कुराको समर्थक होइन। मेरा भाइ नेपाली कांग्रेसका नेता श्री विशेश्वरप्रसाद कोइराला पनि हिन्दीलाई राष्ट्रभाषा बनाउने कुराको समर्थक होइन। मेरा भाइ नेपाली कांग्रेसका नेता श्री विशेश्वरप्रसाद कोइराला पनि हिन्दीलाई राष्ट्रभाषा बनाउने कुराका समर्थक छन्” भनेका थिए तर मातृकाले त्यसो भनेको २४ दिनपछि विपी कोइरालाले “नेपालको राष्ट्रियताको आधार नेपाली भाषा हो र यो भाषाको स्थान निश्चय नै सर्वोच्च रहनेछ” भनेका थिए। मातृका प्रसाद कोइरालाले भाषा विवाद उछालेपछि त्यसको व्यापक विरोध भयो। विपीको समेत चर्को आलोचना भएपछि विपीले स्पष्ट पार्दै “यो पनि सम्झन्छु कि हिन्दी भाषा पनि एउटा महत्वपूर्ण भाषा भएकोले नेपाली नागरिकहरूले यो भाषाको पनि अध्ययन गर्नुपर्छ। तराई खण्डमा हिन्दीलाई स्थानीय भाषाको महत्व दिनुपर्दछ। श्री मातृकाप्रसाद कोइरालाको वक्तव्यमा भनिएको हिन्दीबारे मेरो विचार होइन र अर्काको वक्तव्यसँग मेरो सम्बन्ध देखाई भएको त्यो प्रचार केवल मिथ्या मात्र हो” भनेका थिए। २०१५ सालको निर्वाचनपूर्व नेपालको राष्ट्रभाषा के हुने भन्ने बहस चलाइएको थियो। अर्को शब्दमा नेपाल भाषा र मैथिली भाषाको बहस उठेकै थिएन। पृथ्वीनारायण शाहभन्दा अघिदेखि विभाजित नेपालमा चलेको नेपाली भाषालाई निरन्तरता दिने कि हिन्दीलाई मान्यता दिने ? भन्ने बहस नियोजित रूपमा भारतपरस्त कोणबाट चलाइयो। सो बहसमा भाग लिँदै गणेशमान सिंहले २०१३ असार ३ गते “पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म चाहे कोही जवाफ दिन नसकून् तापनि सबैले बुझ्ने भाषा नेपाली भाषा नै हुनाले राष्ट्रिय भाषाको स्थान नेपालीले नै पाउनुपर्दछ” भनेका थिए। असार ३ गते नै अर्को कार्यक्रममा तत्कालीन शिक्षामन्त्री बालचन्द्र शर्माले “भाषाले राष्ट्रिय एकतालाई अविछिन्न गराएको छ। नेपाली भाषा नेपाली राष्ट्रियताको स्रोत हो र यो भाषालाई धक्का पुऱ्याउन खोज्नेहरू नेपाली राष्ट्रियताका दुश्मन हुन्” भनेका थिए। हिन्दीलाई नेपालको राष्ट्रभाषा बनाउनुपर्छ भन्नेहरूलाई भरत शमशेर जबराले कलकत्ताको मिरजाफर भनेका थिए। उनले असार ७ गते “नेपालको राष्ट्रभाषा हिन्दी हुनुपर्छ भन्ने गैर-जिम्मेवार तर्क मातृका या विशेश्वरप्रसाद कोइराला जस्ताको नयाँ कुरा होइन। जसले संयुक्त राष्ट्र संघमा नेपालको सदस्यताको विरोध गरे, जसले भारतीय समाजवादी पार्टीको सदस्य भएर भारतीय विधानसभाका दुई सिट पाउनुपर्छ भन्ने दावी पेस गरे, जसले नेपाली सिभाभित्र १५ माइलसम्म विदेशी सेना ल्याउने सम्झौतामा हस्ताक्षर गरे” भनेका थिए। असार २१ गते नेपाली भाषाप्रेमी विद्वान् रामबहादुर रावलले भाषा विवाद झिक्नुको पछाडि ३ वटा कारण औँल्याएका थिए।

(१) अहिलेसम्म नेपालको राष्ट्रभाषा छैन भन्ने भ्रान्ति
(२) नेपाली राष्ट्रभाषा भएतापनि अर्को कुनै भाषालाई राष्ट्रभाषा बनाउने षड्यन्त्र
(३) भारतमा जुन भाषा राष्ट्रभाषा हुन्छ नेपालको पनि त्यही हुन्छ भन्ने भ्रान्ति

भारतमा राष्ट्रभाषा थिएन। अंग्रेजले एउटा भारत निर्माण गरेपछि अंग्रेजी भाषालाई सम्पर्क भाषा बनाए तर नेपालमा दुई शताब्दीदेखि नेपाली भाषा राष्ट्रभाषाका रूपमा रहेको छ। चर्को विवाद भएपछि असार १५ गते मातृकाप्रसाद कोइरालाले मन्त्रीपरिषद्को बैठकमा आफूले नेपालको राष्ट्रभाषा नेपाली हुनुपर्छ भन्दा भारतीय सल्लाहकारहरू मन्त्रीपरिषद्को बैठक छोडेर हिंडेको र आफ्नो भनाइ तोडमोड गरेर प्रचार गरेको भन्न बाध्य भएका थिए।

भाषा विवाद चर्किरहेको समयमा २०१४ साल असार ३१ गते डा. केआई सिंह प्रधानमन्त्री र लक्ष्मीप्रसाद देवकोटा शिक्षामन्त्री भए। असोज २६ गते शिक्षा मन्त्रालयले निम्न निर्देशन जारी गऱ्यो।


(१) नेपालका सम्पूर्ण स्थानमा विद्यालयस्तरको अध्ययन-अध्यापन नेपाली भाषामा हुनुपर्नेछ।
(२) स्थानीय भाषामा पढाउन शिक्षा विभागको पूर्व-स्वीकृति लिनुपर्नेछ।
(३) प्रवेशिका परीक्षा नेपाली र अंग्रेजी भाषामा हुनेछ।
(४) २०१६ सालभित्र सबै शिक्षकले प्रवेशिकास्तरको नेपाली भाषाको ज्ञान लिइसक्नुपर्नेछ।
(५) शिक्षकले नेपाली नागरिकता वा शिक्षा विभागको स्वीकृति ६ महिनाभित्र लिइसक्नुपर्नेछ।
(६) नेपाल सरकार, शिक्षा विभागद्वारा तोकिएको पाठ्यक्रम पढाउनुपर्नेछ।

पञ्चायती व्यवस्था लागू भएपछि २०१८ जेठदेखि श्री ५ को सरकार गृहमन्त्रालयले नेपाल अधिराज्यमा राखिएका र भविष्यमा राखिने सबै प्रकारका साइनबोर्डहरूमा देवनागरी लिपिमा नेपाली भाषामा लेख्नु उचित देखिनाले सबै साइनबोर्डहरू देवनागरी लिपिमा यथासम्भव नेपाली भाषामा लेख्ने, लेखाउने र कम्पनी फर्म र संस्थानहरूको नाम नेपाली भाषामा लेख्न व्यावहारिक नहुनेजतिमा मात्र देवनागरीबाहेकका लिपिमा लेख्ने, लेखाउने र विदेशीहरूको निमित्त आवश्यक परेमा नेपाली भाषामा लेखिएको कुरा अंग्रेजी भाषामा सम्म नेपाली हरफमुनि लेख्ने, लेखाउने” सूचना प्रकाशित गरेको थियो। त्यसबाट हिन्दीवालाहरू चिढिने नै भए तर नेपाली भाषाप्रेमीहरू हर्षित भएका थिए।

२०१४ सालमा लक्ष्मीप्रसाद देवकोटाले भाषा सुधार र समृद्धिका लागि ६ सूत्रीय कार्यक्रम घोषणा गर्नासाथ एकथरिले विरोध गरेका थिए। देवकोटाको ६ सूत्रीय घोषणालगत्तै मातृकाप्रसाद कोइरालाले ‘भाषा समस्याको आगोमा घ्यू हालेको” आरोप लगाएका थिए। सूर्यप्रसाद उपाध्यायले ‘ अनावश्यक विवाद बढाएको’ टिप्पणी गरेका थिए। राजविराजमा आयोजित हिन्दी भाषावालाहरूको बैठकमा काशीप्रसाद श्रीवास्तवले “तराई भाषा हिन्दी हो र तराईका अड्डा अदालतमा लेखापढी पनि हिन्दीमा हुनुपर्छ” भनेका थिए। उनले सरकारी निर्णयका विरुद्ध लड्न नागरिकलाई आह्वान गरे तर यो आवाज कसैले सुनेन। तराई कांग्रेसका वेदानन्द झाले हिन्दी भाषाको रक्षाका लागि जस्तोसुकै त्याग र बलिदान गर्ने बताएका थिए तर ती कसैले पनि मैथिली, भोजपुरी र अवधि भाषाको चिन्ता गरेनन्। तसर्थ, हिन्दी भाषाको पैरवी प्रायोजित थियो भन्ने देखिन्छ। २०१८ सालपछि हराएको त्यो बहस अहिले फेरि उछाल्न थालिएको छ।

कथा

# यो सहरको कथा–व्यथा


नारायण नेपाल

*रातो रानी फुलेझैं साँझमा*
... ... ...

डेनी डेन्जोम्पाले गाएको यो गीतझैं मायालु जोडीहरूलाई मात्र होइन, देशभरका सबैखाले जनताको आस्था र ढुकढुकी बनेको छ। यो काठमाडौं सहर तर योभित्रका चित्र र चरित्रले मनभरि प्रश्नैप्रश्न खडा गरेको छ आजभोलि।

प्राचीन मानवसभ्यताको विकास नगर सभ्यताको विकाससँगै सुरुआत भएको थियो। आज सहर आधुनिकता र सभ्यताको प्रतीक हो। सहर विकास विलासको संगम हो भन्ने जनधारणा रहेको छ। नेपालको राजधानी सहरको उदेकलाग्दो चित्र र चरित्रले नेपाली समाज र सभ्यतालाई खिल्ली उडाएको छ। यो राजधानी सहर न आधुनिक पुँजीवादी मान्यतामा छ न सामन्तवादी मान्यतामै छ यो एउटा कुरूपतामा छ।

नेपालका हरेक गाउँघरतिर काठमाडौं सहर गाउँलेहरूको सपनाको प्रतीक रोजगारीको गन्तम्य बनेको थियो र बनिरहेको छ। आजसम्म हरेक मान्छेले पैसा कमाउन, सुख काट्न, जीवन चलाउन जीवनको सपना यही सहरमा देखेको छ। मलाई त यो वाइयात लाग्छ काठमाडौं आधुनिकताको धाक लगाएर के गर्नु गर्मीमा धुलो र वर्षात्मा हिलो त हाम्रो गाउँमा पनि हुन्छ। सहर पनि उस्तै छ किन होला ? केही समय अगाडि बागबजारमा साहर पखाल्न रातभर दमकल खटेको समाचार पढेको भोलिपल्ट दिउँसो सामाखुसीमा एक घरमा आगो लाग्यो घर जलेर खरानी भयो। धन्न दमकल आयो र खरानीमाथि पानी हाल्न भ्यायो। म पनि रमिते थिएँ। त्यतिबेला हजारौं थिए दर्शक तर कसैले एक बोतल पानी उठाएर आगोमा हाल्ने चेष्ठा गरेन। बरु उल्टै भिडियो खिँच्ने होडबाजीमा हातहरू ठडिएका थिए। नेपालमा यो कस्तो संस्कार बोकेर आयो सहर आधुनिकताको नाममा। नयाँ सडकबाट दमकल सामखुसी पुग्दा घर खरानी भयो। घरको र दमकलको भन्दा पनि सडकमा अत्यधिक जाम र अति आवश्यक सेवा र उद्धारको तयारीलाई कसरी मिलाउने भन्ने आँकलन किन नगरेको होला ?

सुत्केरी व्यथा लागेकी महिला चक्रपथको कुनै एक चोकबाट प्रसुति गृहतिर लैजान र चितवनबाट काठमाडौं बिरामी ल्याउन उस्तै समय लाग्छ। हृदयघातको बिरामी त अस्पताल नै पुग्न सक्दैन, बाटोमै परमधाम हुन्छन् काठमाडौं सहरमा। चोकै पिच्छे हुने जामले घण्टौंसम्म सडकमा दिन बिताउन पर्ने गरेको छ। जाम मात्र होइन गाडीमा ब्यापक मान्छे खाँदाखाँद छ, गाउँतिरको घैंटोमा गुन्द्रुक खाँदे जस्तो गरी मान्छे पनि खाँदेर राखेको देखियो भोगियो।

हेर्दा सहरी विकास र व्यवस्थापनमा विज्ञता नै मान्नुपर्छ नेपाली नेता र योजनाकारहरूको राजनीतिक व्यवस्था परिर्वतनको नारा व्यापक रूपमा सहरका सडकमा नउरालिएको होइन। नाराका सिकार सडकका रेलिङ र जनताका छोरा छोरी नभएका पनि होइनन् तर किन बदलिएन सहर ? पञ्चायतकालमा बाहिरी चक्रपथ काँठको किनारैकिनार सडक बनाउने योजना प्रस्ताव गरेको थियो रे कसले किन भत्कायो त्यो योजना ? आज मेट्रो रेलको सपना मात्र हो कि विपना पनि होला नेपालमा ?

कालीमाटीमा तरकारीको भाउ बिहान, दिउँसो, बेलुका तीनथरी हुन्छ यता सिंहदरबार, बालुवाटार र बानेश्वरका दलहरूको भाउ बोली पनि उस्तै बदलिरहन्छ, ठेगान छैन के ले यस्तो बनायो नेपाललाई ? मानव सभ्यताको प्रातःकालमा ग्रिस र रोमका नगरराज्यहरूबाट सभ्यताको जग बसेको थियो। आजभोलि पनि नेपालमा गाउँलाई पाखे असभ्यताको प्रतीक र सहरलाई सभ्यताको जननी ठान्ने ठालुहरूको जमातको कमी छैन तर यो सहरको हालत यस्तो छ कोही बोल्न र नयाँ काम थाल्न तयार छैनन्।

आज गाउँ र सहरको बारेमा यो विचित्र देखेपछि म त सोचेको सोच्यौ भएँ त हो गाउँ र सहर (नगर) को विकास र विशेषता फरक छ भन्ने थाहा पाउनका लागी कपाल फुलाउनैपर्दैन नि हजुर सहरतिर कुकुरले मैला कपडा लगाएका गाउँले देख्दा भुक्छ र गाउँतिर नयाँ सुकिला लुगा लगाएका सहरिया मान्छे देख्दा भुक्छ किन होला ? खै कसले सिकायो होला त्यसलाई मार्क्सवाद, गाउँ र सहरको विशेषतामा छक्क पर्छु म यी ठालुहरूको कुरा सुनेर।

घरको फोहर र नालीको ढल बाग्मती र विष्णुमती मनोहरालगायतका नदीनालामा खन्याउने आज २० वर्षपछि नदी सफाइको होहल्ला गर्दै अभियान चलाउने विकृत कल्पनाशीलताको आधार के हो त्यसको जरो उखेल्न जरुरी छ सहरको सभ्यता विकासको लागि ?

असनमा घर छ तर पैसा छैन। कसरी पैसा कमाउँछन् मान्छे भन्दै भाइचा काँठतिर बसाइँ सरेछ। उसले प्रश्न गर्दै थियो हैन म त असनको घर बेचेर काँठतिर घर किनेर बसेको छु। गाउँ-गाउँबाट आएका मान्छेहरूले कसरी महल ठड्याएका होलान् सहरमा उनको प्रश्नले संकेत गर्दै थियो। सहरमा नया गरिब वर्ग जन्मँदैछन्। हिजोका रैथानेहरूसमेत विस्थापित हुँदैछन्। धनीहरू विदेशतिर र गरिबहरू गाउँपाखातिर लाग्दै गरेका सहरको आजको यथार्थ हो।

सहरको दिउँसो मात्र होइन रात्रीकालीन सभ्यताको बारेमा त कसलाई के मतलब छ र ! दिनभर काठमाडौं महल र नयाँ सडकका व्यापार भन्दा दोब्बर साँझतिर सडक किनारहरूमा जनताको हुल धेरै हुने किन होला आर्थिक समृद्धिले नै होला त ?

एलिटहरू टलकदार सिसमहलमा र गरिबहरू रत्नपार्कमा गरिरहेछन् शरिरको मोलमोलाई। कोही घण्टाको दरमा आखिर स्थान र मूल्य फरक तर व्यापार धन्दा उही। आज दुनियाँमा पश्चिममा पुँजीवादी विचार र सभ्यतामा संकट आएको भन्दै पश्चिमा विद्वान्हरू निक्कै चिन्तन गर्न थालेका छन् तर यता त्यही सभ्यता र संस्कारको नक्कली रमझममा आधुनिकताको भ्रममा बाँच्नेहरूको कमी छैन।

गाउँघरतिर घर सुरक्षा जंगली जनावरको निगरानीका लागि कुकुर पालिन्छ। एउटा कृषकको लागी त्यो काम महत्वपूर्ण छ तर रोचक छ सहरका महलमा ठिटाठिटीहरू लचकदार पलङमा कुकुर सुताउँछन्। आधुनिक युरोपियन सभ्याताको पहिचान दिन्छन् र साँझबिहान सडक बाहिर छिमेकीका घरको ढोका अगाडि दिसापिसाब गराउँछन्। कलेजका ड्रेसमै ठिटाठिटी बोकेर गेष्ट हाउस धाउँछन्। घर गएपछि कुकुर डुलाउँदै आधुनिकताको रवाफ देखाउँछन्। सडकका किनाराहरूमा मगन्ते र असाहय अशक्तहरू दृष्टिविहीन गीत गाउँदै माग्दैछन् र गुजारा चलाइरहेका छन्। एक पेट खान र बाँच्न पाउने अधिकार नदिने लोकतन्त्रलाई राजधानीले नै गिज्याइरहेछ। कतिपय मान्छेहरूलाई एक खान दिँदैनन् सडकमा लडिरहेका हुन्छन् अनि कुकुरले एलिटका छोरा छोरीलाई अँगालोमा बाँधेर सुत्छ यही हो सहरको रोचकता।

घरभित्र निक्कै आधुनिकताको सान झल्काउँछन्। झयालबाट फोहर फाल्दै सडकका पेटीहरूदेखि दैलोसम्म फोहरको डंगुर लगाउँछन्। यो मानसिकताबाट कहिले मुक्ति पाउला सहरले जेहोस् जमेकै छ हाम्रो सहर त्यही सहरका गल्लीहरूको कथा-व्यथालाई टपक्क टिपेर उतारेका छन् नेता एवं गीतकार विप्लवले- **यो सहरमा** ...

**यो प्रहरमा जरुर छ**
**एक क्रान्ति** ...।

- धुम्रपानको सेवनले स्वयं आफू, आफ्नो परिवार र वातावरणलाई नै श्वास–प्रश्वास रोगी बनाउँछ।
- धुँवा, धुलो, मट्टितेलको खारबाट जोगिनु नै आकस्मिक श्वास–प्रश्वास रोग लाग्न नदिनु हो।
- श्वास फेर्न गाह्रो हुनु, ज्वरो उच्च हुनु र कोखा हान्नु श्वास–प्रश्वास रोगका लक्षण हुन्।
- श्वासप्रश्वासमा समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नुपर्छ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौडा, तनहुँ

## नहर सञ्चालन सम्बन्धी सूचना

यही मिति २०७४ भदौ ३ गतेदेखि पुनः नारायणी लिफ्ट सिंचाई प्रणालीको नहर संचालन भइरहेको हुँदा नहरको वरिपरी, चौपाया, बस्तुभाउहरु तथा बालबालिकाहरुलाई लाई नहरभित्र पौडी खेल्ने खेलाउने कार्य नगर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। नहर सञ्चालन भएको समयमा कुनै किसिमको अप्रिय घटना घटन गएमा यस डिबिजन कार्यालय कुनै जवाफदेही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्पूर्ण महानुभावहरुलाई सूचित गरिन्छ।

डिबिजन प्रमुख
नारायणी लिफ्ट खगेरी सिंचाई व्यवस्थापन डिबिजन
भरतपुर, चितवन

## सहिद रामवृक्षको ...

छोडी पूर्णकालीन कार्यकर्ताको रूपमा क्रियाशील हुनुभयो।

त्यसपछिका दिनहरूमा पनि सामन्त जमिनदार र पुलिस प्रशासनले उहाँलाई झनै दुःख दिन थाल्यो। राजनीतिक आस्थाकै आधारमा उहाँलाई २०३५ साल पौष १ देखि २०३७ वैशाख ५ सम्म जेलमा राखियो। जनमत संग्रहको बेला मतदानको समयमा उहाँलाई गिरफ्तार गरी दुई दिनसम्म बेपत्ता पारियो। त्यति मात्र होइन, तत्कालीन पञ्चायतका दलाल हेमबहादुर मल्लका लठयतहरूले उहाँको घरमा गई बहुदललाई सहयोग गरेको आधारमा परिवारहरूलाई कुटपिट गरी बीसौं हजारको सम्पत्ति लुटपाट गरे। २०४२ सालमा धनुषा जिल्लाको बर्मीझियामा विष सेवन गरी एक जनाको ज्यान गयो। त्यसलाई हत्या गरिएको झुटो आरोप खडा गरी तत्कालीन प्रधानपञ्चका लठैतहरूले उहाँलाई समाती यातना दिए। खुट्टा भाँचिदिए र दुई दिनसम्म प्रधानपञ्चको घरमा थुनेर राखेपछि जनकपुरमा उपचार गराउनेक्रममा उहाँ भाग्न सफल हुनुभयो र भारतमा उपचार गराउनुभयो। त्यसपछिका दिनहरूमा भने उहाँ भूमिगत रूपमा राजनीतिमा क्रियाशील रहनुभयो।

२०४२ सालको पार्टी विभाजनपछि उहाँ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (मशाल) मा क्रियाशील हुनुभयो। २०४५ सालको किसान आन्दोलनमा उहाँले सक्रियतापूर्वक नेतृत्व गर्नुभयो। त्यही निहुँमा २०४६ जेठ ६ मा उहाँलाई गिरफ्तार गरी जेल हालियो। जेलभित्र र बाहिर दुबै ठाउँमा उहाँको रिहाइको चर्को आवाज उठिरहँदा पनि उहाँलाई अन्तत २०४९ सालमा मात्रै रिहाइ गरियो। जेलमुक्त भएपछि उहाँले पटेरवाको करिब अढाईसय विघा जमिन किसानहरूलाई बितरण गर्नुभयो। २०५१ भदौ १ गतेको नेपालबन्द कार्यक्रम सफल पारी भोलिपल्ट भदौ २ मा आफ्नो गाउँमा फर्किँदै गर्दा सिभिल ड्रेसका पुलिस र नेपाली कांग्रेसको केन्द्रीय योजना मुताबिक लठैतहरू लगाई बर्मीझियामा नै उहाँको अमानवीय ढंगले हत्या गरियो। त्यसबेला उहाँ नेकपा (माओवादी) को केन्द्रीय सदस्य हुनुहुन्थ्यो।

### वर्ग र क्रान्तिप्रति निःस्वार्थ : निष्ठा

क. रामवृक्ष यादवका धेरै गुणहरू थिए। मृदुभाषी सरल, शालीन र मिलनसार व्यक्तित्वको धनी हुनुहुन्थ्यो। तथापि उहाँको सबैभन्दा ठूलो र महत्वपूर्ण गुण निःशर्तः वर्ग र क्रान्तिप्रतिको निष्ठा थियो। आज पनि उहाँका सपना साकार पार्न हामी सक्रियतापूर्वक लागिरहेका छौं तैपनि उहाँमा देखिने निःस्वार्थः र निःशर्तता सिंगो पार्टीमा र तराई-मधेसमा पनि निकै कमजोर छ। क्रान्तिकारी कम र क्रान्तिप्रेमी बढी हुने। पार्टीमा लाग्ने तर दुःख कष्ट बेहोर्न नपरोस् भन्ने ठान्ने। छोराछोरी राजनीतिमा नजाऊन्, पढाइ नछुटोस्, सम्पत्ति नघटोस्, बन्द-व्यापार चलिराखोस्, पुराना सम्बन्ध नभत्कियोस्, त्याग-तपस्या र बलिदान अरुले गरून् आफू नेता भइराख्नुपाईयोस् जस्ता चिन्तनहरू हावी छन् तर रामवृक्षमा त्यसप्रकारको व्यवहार र चिन्तन दुवै थिएन। त्यसबेलाका उहाँका साथीहरूका अनुसार उहाँ पार्टी र सङ्घर्षको निम्ति आफ्नो सम्पत्ति बेच्दै जाने, परिवार सबैलाई पार्टीकरण गर्दै लैजाने, वर्गसत्रुसँग नझुक्ने, वर्गप्रति गहिरो निष्ठा, भाव र समग्ररूपमा सर्वहारावर्गकरण गर्ने जस्ता कम्युनिस्ट गुणहरू उहाँमा थिए। त्यसको प्रभाव उहाँका परिवारमा प्रस्टसँग देखिन्थ्यो। जतिबेला उहाँको हत्या भएको थियो, त्यसबेला उहाँको घरमा एक गेडा अन्न पनि थिएन र सायद उहाँसित एक रूपैयाँ पनि थिएन, तैपनि उहाँ पार्टी, क्रान्ति र वर्गको लागि निरन्तर क्रियाशील रहनुभयो।

### परिवारको पार्टीकरण र सर्वहाराकरण

आज धेरै कम्युनिस्ट नेताहरूको परिवारमा पार्टी र आन्दोलनप्रति नराकात्मक प्रभाव विकास हुँदै गएको छ। नेता-कार्यकर्ताका परिवार पार्टी र क्रान्तिमा क्रियाशील नहुने भए पनि समर्थक मात्र हुने गरेका छन्। त्यति मात्र होइन, नेता कार्यकर्ता आफैँले आफ्नो परिवारलाई पार्टी र क्रान्तिमा योजनाबद्ध ढंगले नलिने, अझ कतिले त म लागैँ तर तिमीहरू नलाग भन्ने। घर वा डेरामा पार्टी नेता वा कार्यकर्ता नलाने, लगिहाले पनि परिवारका सदस्यहरूलाई नचिनाउने जस्ता काम गरेको देखिन्छ। कम्युनिस्ट आन्दोलनभित्र एउटा खतरनाक प्रकृतिको रूपमा प्रचण्ड स्कुलिङ विकास भएको छ। क्रान्ति र पार्टीको नाममा व्यक्तिगत सम्पत्ति थुपार्ने आलिसान जीवन बिताउने जस्ता गैर-सर्वहारा र घृणित कार्यशैली विकास भइरहेको छ। पार्टी र क्रान्तिमा आफ्नो निजी सम्पत्तिबाट कुनै योगदान नगर्ने यतिसम्म कि एक दिन पार्टीकाममा हिँड्दा पनि पेट्रोल मागिहाल्ने र दुई-चार कल फोन गर्नुपरेपछि रिचार्जकार्ड मागिहाल्नुपर्ने मानसिकता निकै हावी देखिन्छ। अर्कोतिर पार्टीको स्रोत-साधन र अवसरका वितरणमा निकै असमानताहरू छन्; जसले गर्दा त्यसको नकरात्मक असर पार्टी र आन्दोलनमा पनि देखापरेको छ। यतिसम्म कि कैयौं नेताहरूको वर्गोत्थानसमेत भएको छ।

क. रामवृक्ष यादव भने विल्कुल फरक हुनुहुन्थ्यो। उहाँले सिंगो परिवारलाई पार्टी र क्रान्तिबारे बुझाउनुभयो। दाजुभाइ, छोराछोरी, श्रीमतीलाई पार्टीको काममा लगाउनुभयो। वर्गदुश्मनबारे बताउनुभयो। पार्टीप्रति विश्वास दिलाउनुभयो र क्रान्तिमा सँगसँगै होमिनुभयो। जसले गर्दा उहाँका परिवारका तीनजना सदस्यहरूले क्रान्तिमा बलिदान गरे। परिवारका सदस्यहरूको पार्टीप्रतिको विश्वास र बलिदानी भावनाले त्यो कुरा पूर्णरूपले प्रमाणित गरिसक्यो। आज पनि बाँचेका परिवारका सदस्यहरू कुनै न कुनै रूपमा आन्दोलन वरिपरि क्रियाशील छन्।

क. रामवृक्ष आफू मध्यमवर्गीय किसान परिवारको हुनुहुन्थ्यो। उहाँले वर्गसंघर्ष र त्यसलाई संचालन गर्नेक्रममा आफ्नो पैतृक सम्पत्ति बेच्दै जानुभयो र गरिब किसानमा बदलिनुभयो। साथै, जागिर पनि छोड्नुभयो। साथी र पार्टीलाई आर्थिक सहयोग गर्न हिच्किचाउनुभएन। वास्तवमा उहाँ वर्गसङ्घर्षको भट्टीबाट खारिएको सर्वहाराकृत नेता हुनुहुन्थ्यो।

### अलराउन्डर नेता

क. रामवृक्ष यादव तराई मधेसको एक मात्र चौतर्फी प्रतिभाशाली नेता हुनुहुन्थ्यो। उहाँ वैचारिक राजनीतिक रूपले प्रस्ट हुनुहुन्थ्यो। जहिले पनि पार्टीभित्र र बाहिर सबैतिरका गैरसर्वहारा प्रवृत्तिविरुद्धको राजनीतिक वैचारिक सङ्घर्षमा क्रान्तिकारी धारमा दृढतापूर्वक उभिनुभयो। उहाँ भौतिक र मानसिक दुबै रूपले लडाकु हुनुहुन्थ्यो। उहाँ कुशल संगठक पनि हुनुहुन्थ्यो साथै, श्रमजीवी साहित्य र संगीतमा राम्रो दखल राख्नुहुन्थ्यो। "पेरुमे लाल झन्डा फहरारे" भन्ने उहाँको चर्चित गीतसँगै उहाँले मैथिली, हिन्दी र नेपालीमा गीत-संगीत रचना गर्ने र गाउने गर्नुहुन्थ्यो। उहाँका पचासवटा जति रचना प्रकाशित छन् भने त्यतिकै संख्यामा अप्रकाशित छन्। उहाँ जनसेवक र जनप्रिय हुनुहुन्थ्यो। गाउँ-समाज आफन्त सबैलाई उहाले सहयोग गर्नुहुन्थ्यो। वास्तवमा क. रामवृक्ष यादव जनताको आँखाको नानी हुनुभयो। समग्रमा उहाँ तराई-मधेस मात्रै होइन, फेरि पनि समग्र क्रान्तिको एक चौतर्फी प्रतिभाशाली नेता हुनुभयो।

### जनयुद्धको प्रेरणा

तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फागुन एक गतेबाट महान् जनयुद्धको पहलकदमी लियो। जनयुद्ध एउटा समग्र युद्ध थियो र त्यो सचेतपूर्वक पार्टीले लिएको पहलकदमी थियो। जनयुद्धको तयारीमा पार्टी तीव्र गतिमा बढिरहेको बेला कमरेड रामवृक्ष यादवलाई हत्या गरियो। उहाँको सङ्घर्षमय जीवन र बलिदानीले पार्टीमा र आन्दोलनमा क्षति भयो तर त्यो शोकलाई पार्टी र क्रान्तिले शक्तिमा बदल्यो। अझ यसो भन्दा अन्यथा हुनेछैन क. रामवृक्षको समग्र क्रान्तिकारी जीवन, विशिष्ट प्रकारको योगदान, उहाँको उच्च प्रकृतिको बलिदानी साथै, जनता तथा कार्यकर्ताहरूको हृदयमा उहाँले पारेको सकारात्मक प्रभावले नै पार्टीले त्यो शोकलाई शक्तिमा बदल्न सम्भव भएको थियो। केन्द्रीय नेताको जनयुद्धको तयारीमा भएको बलिदानले समग्र जनयुद्धलाई अगाडि बढाउन ठूलो प्रेरणाको काम गर्‍यो।

### क. रामवृक्षको रगतमाथि गद्दारी

तत्कालीन माओवादीको केन्द्रीय सदस्य रहँदा २०५२ भदौ २ गते उहाँको बलिदानी भयो। उहाँको हत्या त्यतिबेलाको कांग्रेस पार्टीको केन्द्रीय योजना र निर्देशनमा स्थानीय प्रशासनसँग मिलेर गरिएको थियो। डा. बाबुरामले कांग्रेसका नेतासँग मात्र होइन, नीतिसँग नै आत्म-समर्पण गरे। खुलारूपले रामवृक्षका हत्यारासँग साँठगाँठ गर्न पुगे। प्रचण्डले रामवृक्षलाई मार्न लगाउने पार्टी र त्यसका हत्यारा नेतालाई प्रधानमन्त्री र मन्त्री बनाउन प्रस्ताव राखे। अहिले माओवादी केन्द्र जसले रामवृक्षको हत्यारालाई प्रधानमन्त्री बनायो जसले हत्यारालाई माला लगायो, स्वागत गर्‍यो, अभिनन्दन गर्‍यो, तिनैले आज रामवृक्ष यादवको स्मृति दिवस मनाउनु, इतिहासमा सर्वाधिक मजाकको विषय हो। क. रामवृक्ष राष्ट्रघातीहरूलाई घृणा गर्नुहुन्थ्यो र राष्ट्रियताको पक्षमा दृढतापूर्वक उभिनुहुन्थ्यो। साथै साम्प्रदायिक भावनाको विरुद्ध हुनुहुन्थ्यो। भारतीय विस्तारवादविरुद्धको सङ्घर्ष र सामाजिक सद्भाव खलबल पार्नेका विरुद्ध कमरेड रामवृक्ष पार्टीभित्र र बाहिर पनि दृढतापूर्वक सङ्घर्ष गर्नुहुन्थ्यो तर आज भारतीय उत्तर-साम्राज्यवादको सामु आत्म-समर्पण गरेका प्रचण्ड, बाबुराम र विकृत साम्प्रदायिक मनोविज्ञान सिर्जना गरी वर्गसङ्घर्षलाई निस्तेज पार्न उद्यत मातृका यादवजस्ता व्यक्तिहरूले रामवृक्षको नाममा राजनीति गर्नु इतिहासमै क्षम्य नहुने विषय हो। यसरी रामवृक्षको रगतमाथि गद्दारी गर्नेहरूलाई इतिहासले कहिल्यै माफी दिने छैन। एकदिन क. रामवृक्षको रगत ज्वाला बनेर उम्लिनेछ र यी धोकेवाजहरूको बदला लिनेछ।

क. रामवृक्षको सपना नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै विश्व साम्यवादमा पुग्ने थियो। रामवृक्षले चाहेको त्यो वैज्ञानिक समाजवादका निम्ति समग्र ढंगले एकीकृत जनक्रान्तिको कार्यदिशाको विकास गरी क. विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी अगाडि बढिरहेको छ। यो पार्टीले नै कमरेड रामवृक्ष यादवको सपनालाई साकार पार्नेछ। नेपाली समाजलाई वैज्ञानिक समाजवादको दिशामा लैजानेछ। कमरेड रामवृक्ष यादव लाल सलाम ! क. रामवृक्ष यादवले देखाएको बाटोमा अघि बढौं।

भूकम्पबाट सतर्क रहौं।
'नेपाल राष्ट्रिय भवन संहिता २०६०' को पालना गरौं।
सुरक्षित संरचनाको निर्माण गरौं।

नेपाल सरकार
सहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं।
फोन नं. ०१-४२६२३६५, ०१-४२४२४६६, ०१-४२६२९४५, ०१-४२६२९८४
इमेल : dudbc@ntc.net.np,
वेभसाइट : http: //www.dudbc.gov.np

## बेसीसहरमा युवामार्च

■ आश तमु, पोखरा

नेपाल कम्युनिस्ट पार्टीको युवा संगठन राष्ट्रिय युवा जनस्वयंसेवक लमजुङको प्रथम जिल्ला भेला सम्पन्न भएको छ। भेलाले कुमार परियारको अध्यक्षतामा १३ सदस्यीय जिल्ला समिति चयन गरेको छ। शनिबार लमजुङको बेसीसहरमा सम्पन्न भएको उक्त भेलाको प्रमुख आतिथ्यता संगठनका महासचिव विवश राईले र अध्यक्षता कुमार परियारले गरेका थिए भने नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा गण्डक ब्युरो इन्चार्ज सावित्री दुरा 'आस्था' लगायतका नेताहरूको उपस्थिति रहेको थियो। संगठनका केन्द्रीय महासचिव तथा कार्यक्रमका प्रमुख अतिथि




विवश राईले बोल्दै 'युवाहरू पार्टीको नीति र जनताबीचको सम्बन्धलाई जोड्ने रसायन बन्दै सबैखाले दलालहरूका विरुद्ध विष्फोट हुने उर्जा बन्न सक्नुपर्छ। इतिहासका घटनाहरू जहिले पनि जस्ताको तस्तै अवस्थामा रहिरहँदैनन्। त्यसलाई गति दिन युवा शक्तिको निर्णयक भूमिका हुने हुँदा लमजुङे युवाहरूले लाहुरेको उपाधी पाउन विदेशीहरूको भाडाको सिपाही बन्न लालायित हुने प्रवृत्तिलाई चिर्दै क्रान्ति, परिवर्तन र न्यायको पक्षमा फलामे पुल बनेर उभिनुपर्दछ' भन्नुभयो। भेलाको पूर्वसन्ध्यामा विशाल र्‍याली निकालिएको थियो भने र्‍यालीले लमजुङ नगर परिक्रमासमेत गरेको थियो।

## जातीय हिंसामा ...

अमेरिकामा चौतर्फी बर्चस्व छ र उनीहरूले अन्य समुदायमाथि उत्पीडन गर्दै आएका छन्। ट्रम्पको उदयसँगै गोरो 'सुप्रीमेसी' उत्साहित भएको देखिन्छ।

अघिल्लो शनिबार भएको हिंसालगत्तै गएको शनिबार अमेरिकाको अर्को सहर बोस्टनमा 'गोरो प्राधिकार समूह' ले सानो स्तरको प्रदर्शन गरे। सहरमा हिंसा भड्कने त्रासले प्रहरीले उनीहरूलाई छिटो-छिटो कार्यक्रम सकेर अन्यत्र जान दबाब दियो। त्यसलगत्तै जातिवाद विरोधी समूहले बोस्टनमा ठूलो प्रदर्शन गरे। प्रदर्शनमा ३० हजार नागरिकले भाग लिएको बोस्टन हेराल्ड अखबारको दावी छ। जातिवादीहरूलाई प्रश्रय दिएको भन्दै प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए। प्रहरीले २० जनालाई पक्राउ गर्‍यो। भर्जिनिया राज्यस्थित सार्लोट्भिल सहरबाट गृहयुद्धकालका सैनिक जनरल रोबर्ट इलीको सालिक हटाउने निर्णयसँगै गोरा जातिवादीहरू आक्रोशित भएका हुन्। रोबर्ट इली अमेरिकामा दासप्रथा उन्मूलन गर्दा त्यसविरुद्ध रहेका, गोराहरूको हितका लागि दासप्रथा आवश्यक रहेको पक्षमा उभिएका थिए। एकथरी गोराहरूले रोबर्टलाई आदर्श ठान्छन्। उनलाई सामन्तवादका कट्टर समर्थक मानिन्छ। जातिवाद विरोधी अमेरिकीहरूले रोबर्ट इलीलाई जातीय विद्वेषका प्रेरक ठान्छन्।

नेपाल सरकार
क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा

विषय : माछा, मासु, होटल, मिठाई पसल उचित व्यवस्थान गर्ने सम्बन्धी सूचना

मिति : २०७४/०४/१८

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ५ र ७ अन्तर्गत जनकपुर ढल्केबर खण्डको महेन्द्रनगर बजारखण्ड अन्तर्गत दायाँबायाँ भागमा अव्यवस्थित रुपमा (खुल्ला, दुर्गन्धसहित, झिंगाजन्य) संचालन भैरहेका माछा, मासु कटान एवं बिक्री पसल तथा मिठाई एवं होटल व्यवसायलाई यस सूचनाको मितिले २१ (एक्काइस) दिनभित्र सडकको क्षेत्राधिकार बाहिर व्यवस्थित गरी बिक्री-वितरण एवं संचालन गर्नु हुन यो सूचना प्रकाशित गरिन्छ। उक्त मिति र समयभित्र उपरोक्त बमोजिमका पसल तथा व्यवसायहरु व्यवस्थित रुपमा संचालन नगरेको पाइएमा वा उक्त पसल एवं व्यवसायको अव्यवस्थित संचालनको कारण फोहोरमैला अव्यवस्थित भई वातावरण प्रदुषण भएको पाइएमा प्रचलित स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ एवं नियमावली २०७० बमोजिम कारवाही प्रकृया अघि बढाइने समेत जानकारीको लागि यो सूचना जारी गरिएको छ।

प्रमुख एवं कार्यकारी अधिकृत
क्षीरेश्वरनाथ नगरपालिका, धनुषा

नियमित

# बर्मझियामा के भएको हो ?



राजु कार्की

नेकपा केन्द्रीय समितिको साउन ९-१३ को बैठकले सहिद रामवृक्ष यादवको स्मृतिसभा बर्मझियामा नै गर्ने निर्णय गरेको थियो । सो २३औं स्मृतिसभाको तयारीको जिम्मा जनकपुर ब्युरोलाई दिएअनुसार हामी तयारीको जिम्मा जनकपुर ब्युरोलाई दिएअनुसार हामी तयारीमा लाग्यौं । त्यसअनुसार सिराहा, सप्तरी, सिन्धुली, सर्लाही, महोत्तरी र धनुषाबाट उपस्थितिको ठोस तयारी र जिम्मा बाँडियो । साउन १८ गते सम्पन्न जनकपुर ब्युरो बैठकले आफ्नो क्षेत्रका सबै सहिद परिवारलाई उपस्थित गराउने, सम्मान गर्ने र आउने-जाने व्यवस्था गर्ने निर्णय पनि गरेको थियो । भदौ ३ गते बर्मझियामा नै पार्टी प्रशिक्षण र चुनाव खारेजीमा गिरफ्तार भएका आस्थाका बन्दीहरूलाई अभिनन्दन गर्ने कार्यक्रम बनाइएको थियो ।

हामी रामवृक्ष यादवको स्मृतिसभाको तयारी गरिरहेको बेला तराईका अन्य भागहरू जसरी नै जनकपुरका सबैजसो जिल्लामा भीषण बाढीको विपत्ति आइलाग्यो । त्यसले धनजनको ठूलो क्षति पुऱ्यायो । डुबान समस्यको मुख्य कारण सिमानामा भारतले निर्माण गरेका बाधहरू हुन् भन्ने जनताले नबुझ्ने कुरा भएन । कतिपय स्थानमा आक्रोशित जनताले ‘विप्लव आऊ बाँध भत्काऊ’ भन्दै थिए । लगातारको वर्षाको कारण कार्यक्रम स्थल परिवर्तन गनुपर्छ कि भन्ने लाग्दै थियो तर वर्षा रोकिंदै गएकोले हामीले पूर्व तयारीलाई निरन्तरता दियौं त्यसैक्रममा प्रचण्ड समूहले पनि बर्मझियामा नै रामवृक्ष यादव स्मृतिसभा मनाउने हल्ला सुनियो । त्यसपछि हाम्रो ब्युरो इन्चार्ज क. सन्देशले प्रचण्ड समूहका ब्युरो सेक्रेटरी विश्वनाथ साहसँग छलफल गरी सहमति गरियो । जसअनुसार सोही स्थानमा अपरान्ह ३ बजेसम्म हामीले सभा सक्ने र त्यसपछि प्रचण्ड समूहले गर्ने सहमति भयो ।

विश्वनाथ साहसँग भएको सहमति प्रचण्ड गुटका नेताहरूले मान्न अस्वीकार गरेछन् । सहिद परिवारलाई पनि दबाब दिन थाले रामवृक्षकी छोरी सुनिता यादव सहजै कार्यक्रममा आउँछु भनेकी थिइन् । ‘अन्तिममा छोरो बिरामी पऱ्यो, अस्पताल जानुपऱ्यो, आउन सकिनँ’ भनिन् । सुनिताले ‘माकेले पनि कार्यक्रम गर्ने रै’छ त’ भन्दै ‘मैले केही सहयोग गर्नुपर्ने भए भन्नुस् है’ भनेकी थिइन् ।

कार्यक्रमको अघिल्लो दिन भदौ १ गते क. चित्रबहादुर आले र देवनारायण साह कार्यक्रम स्थलको तयारीमा लाग्नुभयो ।  हामी सबै आ-आफ्नो भूमिकामा लाग्यौं । पूर्वी कमान्ड इन्चार्ज क. सुदर्शन, केन्द्रीय सल्लाहकार समितिका सचिव क. चित्रबहादुर आले, सामना परिवारको टोलीसहित सबै अतिथिहरू अघिल्लो दिन नै बर्मझिया पुगिसकेका थिए । भदौ २ गते बर्मझियामा रामवृक्ष यादवको स्मारक भएको स्थलमा बिहानै हामी पुग्यौं । हामी पुग्दा पूर्व सहमति विपरीत प्रचण्ड गुटले पनि कार्यक्रमका लागि मञ्च बनाउने तयारी गर्दै गरेको देखियो । उनीहरूले पूर्व सहमति विपरीत मञ्च बनाउन थालेपछि हामीले त्यो स्थान छोडेर अलि पर चौतारो (पिपलगाछी) मा मञ्च बनाउने, झगडा नगर्ने सोच बनायौं । मञ्च बनाउने तयारी गर्दै गर्दा प्रचण्ड गुटका महादेव यादवले २० जना मान्छे लिएर हामीलाई घेर्न आए । मञ्च उखेल्न, भत्काउन सुरु गरे । हामीसँग प्रतिवाद गर्नुको विकल्प थिएन । स्थानीयको भीड लागिसकेको थियो । हामीले उनीहरूलाई “तिमीहरूले गल्ती गऱ्यौ माफी माग” भन्यौं । उनीहरूले ‘गौरकाण्ड दोहोऱ्याउने’ धम्की दिए । लाग्थ्यो गौरहत्याकाण्ड मातृका र महादेवकै नेतृत्वमा भएको थियो । सबै विषय खुलस्त राखेपछि स्थानीय जनताले हामीलाई समथन गरे । भीडले प्रचण्ड समूहलाई निरुत्साहित गऱ्यो । त्यसपछि उनीहरू अलिकति हच्किए ।

हामीले आफ्नो नेतृत्वसमक्ष परिस्थितिको जानकारी गरायौं । त्यसलगत्तै प्रहरीको टोली कार्यक्रमस्थलमा आइपुग्यो । प्रहरीले पनि स्थानीय प्रशासनसँग अनुमति नलिएको भन्दै सरकारी पार्टीको पक्षमा मत जाहेर गऱ्यो । क. सन्देशले प्रचण्ड समूहसँग समझदारी गर्नेगरी पाका नेता श्रवण यादव आउँदै गरेको जानकारी गराउनुभयो । श्रवण यादव आएपछि दुई पक्षका बीचमा छलफलको वातावरणको बन्यो । श्रवण यादवले पनि पूर्व सहमतिअनुसार नै गर्दा राम्रो हुन्छ भन्नुभयो तर प्रचण्ड समूहको यादव गुटले श्रवण यादवको सुझावसमेत मानेन । त्यसैबेला क. सन्देश कार्यक्रमस्थलमा आउनुभयो । फेरि छलफल भयो । महादेव पक्षकाले उग्र भएर ‘गौर’ बनाउने धम्की दिइरहे । विश्वनाथ साह र श्रवण यादवले सम्झाउँदा पनि नमान्ने देखेपछि हामीले कार्यक्रम स्थल सार्नु नै उचित हुने ठान्यौं । प्रहरीले पनि सार्न भनिरहेको थियो ।

हामीले रामवृक्षलाई आक्रमण गरी मरणासन्न अवस्थामा फालिएको ‘नहरचोक’ मा कार्यक्रम सार्ने निधो गऱ्यौं । जुन स्थान पूर्व घोषित स्थलबाट १ किमी टाढा पर्दथ्यो । दुईजना प्रहरीले त त्यहाँ पनि हुँदैन भन्दै थिए । सायद ती प्रहरी पनि प्रचण्ड समूह समर्थक थिए होलान् ।

हामीले नहरचोकमा तयारी गर्दै गर्दा जनसमूह एकत्रित हुनेक्रम चलिरहेको थियो । एक्कासी मातृका यादव, महादेव यादवसहितको दुई बस मान्छे कार्यक्रम स्थलमा आए एक्कासी मातृकाले नै सन्देश पौडेलमाथि आक्रमण गरे । त्यसपछि प्रेमप्रकाश वली ‘धुमिल’ माथि खनिए । मातृकाले ‘ जनयुद्धमा मधेसी मार्ने पहाडिया’ भन्दै गाली गर्दै थिए । उनी फोहोर बोल्दै थिए । दारु खाएर हो कि के हो ? भन्ने चाहिँ थाहा भएन । मातृकाले हान्न उठाएको ढुंगो हामीले खोस्यौं । केही समयपछि सशस्त्र प्रहरीको टोली पुग्यो ।

त्यसबेला प्रहरी चौकीका प्रहरी निरीक्षक विजय यादवलाई हामीले आक्रमणकारीलाई पक्राउ गर भन्यौं तर उसले उल्टै हाम्रा केन्द्रीय सदस्यहरू सन्देश पौडेल, देवनारायण यादवसहित राजु कार्की, प्रेमप्रकाश वली, लक्ष्मण पौडेल र आइडल चौधरीलाई गिरफ्तार गऱ्यो । उपस्थित जनतालाई प्रचण्ड समूह र प्रहरीको संयुक्त टोलीले लखेट्यो । बन्दोबस्तीका सामान र मञ्च लुटियो । रातो खबर साप्ताहिक लुटेर नष्ट गरियो । मातृका यादवले प्रेमप्रकाश वलीलाई ‘भाग् भाग्’ भन्दै थिए । भागेको भए ‘चोर चोर’ भन्दै लखेटेर मार्ने योजनामा रहेछन् । त्यसैले उनीहरूले पटक-पटक गौरकाण्ड बनाउने धम्की दिएको हुन सक्छ ।

ब्युरो इञ्चार्ज क. सन्देशसहित गिरफ्तार भएको बेला पूर्वबाट बर्मझिया आउँदै गरेका जनतालाई धनुषा जिल्लाकै पोर्ताहा र पश्चिमबाट आउँदै गरेको जनसमूहलाई बर्दिबासमा नै नाराबाजी तथा प्रदर्शन गरेका थिए । त्यही विरोध-सभा गरियो । बर्मझियाको घटनाले ‘सत्ताबाहेक सबै भ्रम हो’ र ‘बन्दुक नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन’ भन्ने यथार्थलाई प्रकट गरेको छ । त्यसले सत्ताको ज्यादतीविरुद्ध प्रतिरोधको अनिवार्यतालाई पुष्टि गरेको छ ।

## वैदेशिक रोजगार विभागको अत्यन्त जरुरी सूचना

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रुपमा समेत तयार हुनुपर्दछ ।

२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझि स्वीकृति प्राप्त मेनपावर मार्फत् जानुहोला । एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवं त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्नसक्ने सम्भावना हुन्छ ।

३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? एकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनु होला । बुझाउको रकमको भरपाई लिन नबिर्सनुहोला । एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ ।

४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूतावासको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा लिई जानुहोला ।

५. सूचिकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बीमा अनिवार्य गराउनुहोला । विदेश जानुअघि अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिनुपर्छ ।

६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको एक प्रति आफूसँग राख्नुहोला । फरक फरक सम्झौता नगर्नुहोला ।

७. वैदेशिक रोजगारीसँग सम्बन्धत तपाइंका सम्पूर्ण कागजातहरु (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बीमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला ।

८. कानुन बमोजिम सुविधा (बीमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाइमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला । विभागको स्वीकृति बेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन । याद गर्नुहोस् यसो गरेमा तपाईलाई कारबाही हुनसक्छ । यसबाट तपाई वा तपाईंको परिवार सुविधाबाट वञ्चित हुन सक्नुहुन्छ ।

९. वैदेशिक रोजगार सम्बन्धी जानकारी तथा सूचना र ठगी सम्बन्धी जानकारी गराउन तत्काल विभागको हटलाइन फोन नं. ०१-४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला ।

१० पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरुपले श्रम स्वीकृति लिनुहोला । करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारको तर्फबाट कुनै पनि कानुनीउपचार र सुविधा उपलब्ध हुनेछैन ।

११ महिला कामदारहरु वैदेशिक रोजगारीको लागि साउदी अरेबिया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रुपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिषा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला ।

१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वा वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला ।

१३. वैदेशिक रोजगारीका लाग प्रकाशित हुने सूचनाको आदिकारिकता बुझ्नु होला । कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला ।



## शारीरिक कमजोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं

सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा सवारी चलाउँदा लेन अनुशासनको पालना गरौं
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ, आकासे पुल, सब-वे अथवा पेलिकन बत्ती या कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो बाटौं ।
- चोकबत्ती भएको ठाउँमा पैदलयात्री, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने सवारी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/वजन नबोकौं ।

डिभिजन सडक कार्यालय, भरतपुर, चितवन

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ